


Downloaded from http://www.dhamma.digital

# असल शिक्षा

## भाग - १५



लेखक

**भिक्षु अश्वघोष**

संघनायक

Downloaded from http://www.dhamma.digital

प्रकाशक
भिक्षु अश्वघोष
संघनायक
ध्यानकुटी बिहार
बनेपा, काभ्रे

| | | |
|---|---|---|
| बुद्ध सम्बत | - | २५६२ |
| नेपाल सम्बत | - | ११३७ |
| विक्रम सम्बत | - | २०७५ |
| ईश्वी सम्बत | - | २०१८ |

प्रथम सस्करण : १२०० प्रति

मुद्रक : युनिभर्षल प्रिन्ट कन्सर्न
क्षेत्रपाटी, काठमाडौं

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# मेरो केही भन्नु

मैले बुझेको बुद्ध धर्म मानिसलाई असल मानिस बनाउन हो । त्यसैले मैले जानेको बुद्ध धर्म असल शिक्षाको रुपमा पुस्तक लेखें । सुनेको छु असल शिक्षा धेरै मानिसालाई मनपरेको छ ।

यो असल शिक्षा भाग १५ छाप्न पाउँदा अपार हर्ष र गौरव लागेको छ । मलाई एकजना नाम छाप्न नचाहने संघारामका उपासिकाले रु १०२०/- चन्दा दिनु भएको छ । अरु उपासक उपासिकाहरुले दान दिएको प्राप्त पैसाको सदुपयोग हुन गयो । यस पुण्य कर्मले मलाई दान दिने उपासक उपासिकाहरु सबै निरोगी होस् ।

आनन्दभूमि बौद्ध पत्रिका र सम्यक सन्देश द्वैमासिकका सम्पादकहरु धन्यवादका पात्रहुन् ।

भिक्षु अश्वघोष<br>
संघनायक<br>
ध्यानकुटी बिहार<br>
बनेपा, काभ्रे



Downloaded from http://www.dhamma.digital

# बिषय सूची


| | | |
|---|---|---|
| | मैले भन्नुपर्ने कुरा | क |
| १ | बुद्धधर्मको विशेषताहरू | १ |
| २ | बुद्ध र व्यावहारिक धर्म | ८ |
| ३ | क्रोध र शान्ति | १४ |
| ४ | गौतम बुद्ध र प्रजातन्त्र | १७ |
| ५ | बुद्ध र मानवतावाद | २१ |
| ६ | बुद्धको भिक्षुसंघ र प्रजातन्त्र | २८ |
| ७ | उपकार गर्दा मित्रता बढ्छ | ३४ |
| ८ | बुद्धको शिक्षा | ३८ |
| ९ | बुद्धको अनात्मवाद-एक दृष्टि | ४२ |
| १० | मानिसको आचरण नै उन्नति... | ५२ |


Downloaded from http://www.dhamma.digital

# बुद्धधर्मको विशेषताहरू

बुद्धधर्म गम्भीर विषय हो । सायद अरू धर्मभन्दा बुद्धधर्म बुझ्न गाह्रो होला । बुद्धधर्म वैज्ञानिक र व्यवहारिक हो भन्नुमा अत्युक्ति हुँदैन, तर बुद्धधर्म अध्ययन गर्नको लागि संकुचित र संकीर्ण हृदय हुनु हुँदैन । पुरानो संस्कारलाई बिल्कुलै पन्छ्याउनु पर्छ । अनिमात्र बुद्धको विचारधारा बुझ्न सजिलो हुन्छ ।

जुन धर्मले सम्प्रदायको रूप धारण गर्दछ, त्यो धर्म मानव समाजको हितको लागि नभई दु:खदायक हुनजान्छ । जहाँसम्म मलाई लाग्छ विश्वमानवको एउटै धर्म र संस्कृति हुनुपर्छ, चाहे होस् वा नहोस् मेरो व्यक्तिगत अभिलाषा यही हो ।

बुद्धको जन्मभूमि नेपाल हो । अत: सबै नेपालीले चाहे बौद्ध होस् वा चाहे अबौद्ध होस्, बुद्धधर्मको विषयमा ज्ञान प्राप्त गर्नु आवश्यक छ भन्नु अत्युक्ति नहोला ।

अब यहाँ बुद्धधर्मको विशेषताको बारेमा मेरो दृष्टिकोण प्रस्तुत गर्दछु । निम्न लिखित तथ्यहरू बुद्धवादका विशेषता हुन् :-

१) देव-ब्रह्मादि केही अमानवीय शक्तिको सहायता



Downloaded from http://www.dhamma.digital

विना आफ्नै उत्साह र लगनद्वारा स्वतन्त्र विकास हुनुपर्छ।

२) अनात्मवाद अर्थात् यो शरीरमा अथवा बाहिर सदाकालिक स्थायी केही वस्तु छैन ।

३) अनिश्वरवाद ।

४) अरहस्यवाद ।

५) जाति र वर्गभेद हीनता ।

६) संसारका मुख्य प्रश्न खाद्य ।

७) समान जीविका ।

८) सारा संसार एउटै परिवार जस्तो हुनुपर्छ भन्ने भावना ।

९) युद्धको नाश गरेर शान्तिको स्थापना ।

१०) बहुजन हिताय बहुजन सुखायको उद्देश्यले काम गर्नु, गराउन । स्वतन्त्रता र प्रजातन्त्र मानव मात्रको अमूल्य वस्तु सम्झनु ।

उपयुक्त एघारवटा कारण बुद्धधर्मको विशेष अंग हो । यिनीहरू उल्लेखनीय मात्र होइनन् व्यवहारिक पनि छन् । म यहाँ सातौ अंग अर्थात् समान जीविकामा मात्र अलि स्पष्ट गर्न चाहन्छु । बुद्धधर्ममा समान जीविकाको अर्थ आय अनुसार व्यय गरेर जीविका चलाउनु हो ।



Downloaded from http://www.dhamma.digital

(मार्क्सवाद र बुद्धवाद पुस्तकको आधारमा)

मलाई त बुद्धवाद किन मन पर्छ भने यसमा मानव समाजलाई साम्प्रदायिकताबाट सम्पूर्ण रूपमा मुक्त गराउन सक्ने तत्व र उत्साह तथा प्रयत्न समावेश भएको छ । बुद्धले जाति-भेद, वर्ग-भेदलाई निन्दा गर्नुभएको छ । ईश्वरलाई र आत्मालाई मान्यता छैन । अन्ध श्रद्धा र भक्ति तथा पुस्तक पूजालाई स्थान छैन । मूर्तिपूजालाई प्रोत्साहन त के स्थानै छैन, यद्यपि आजको बौद्ध समाजमा यी कुरा प्रमुख अंग भएको जस्तो देखापर्न थालेका छन् ।

गौतम बुद्ध कसैको कथामा विश्वास राखी परतन्त्र भइरहने कार्य र विचारको घोर विरोधी हुनुहुन्थ्यो । स्वतन्त्र चिन्तनले मनन गरी राम्ररी सम्भी बुभी काम गर्ने पक्षमा बुद्ध हुनुहुन्थ्यो ।

धेरैजसो धर्मगुरू पुरोहितहरूले आफ्नो चेला र अनुयायीहरूलाई भन्दछन्- तिमीहरूले मेरोप्रति दृढ श्रद्धा राख्नुपर्छ । मेरो कुरामा तिमीहरूले तर्क वितर्क नगरी यो सनातन सत्य मानी आँखा चिम्लेर शिरोपर गरी आचरण गर्नुपर्छ । मेरो कुरामा विश्वास छैन भने शंका गऱ्यो भने, आफ्नो बुद्धिले काम लिनखोजे भने तिमीहरूले घोर नरकमा जाने छौ । अतः मेरो कुरालाई छाडी अरूको कुरो नमान । आफ्नो बुद्धिमा ताल्चा मारी मेरो मात्र अनुयायी बन । अनि मात्र संसार सागरबाट पार



Downloaded from http://www.dhamma.digital

हुन्छ ।

यसको विपरीत गौतम बुद्धको उपदेश देखिन्छ । एक दिनको कुरो हो- तथागतले आफ्नो निजी सचिव (सेवक) भिक्षु आनन्दलाई भन्नुभयो- "आनन्द, हात फैलाउनु, तिमीलाई म केही दिन चाहन्छु ।"

आनन्दले हात फैलाएपछि बुद्धले हातभरी फूल राखिदिनुभयो । तथागतबाट हातभरी फूल पाएपछि आनन्द साह्रै खुशी भए ।

गौतम बुद्धले सोध्नुभयो- आनन्द, संसारमा यही मात्र राम्रो फूल छ कि अरू पनि छ ?

भन्ते- अरू पनि राम्रा राम्रा फूलहरू छन् भनी आनन्दले उत्तर दिए ।

गौतम बुद्धले भन्नुभयो- यदि तिमीलाई कसैले राम्रो फूल दियो भने के तिमीले अस्वीकार गर्ने ?

आनन्दले भन्नुभयो- अस्वीकार नगर्ने भन्ते ।

तथागतले भन्नुभयो- यस्तो मेरो उपदेशलाई मात्र दृढरूपमा ग्रहण गरिरहने होइन, जहाँ जसले पनि राम्रो र हित हुने, जनहित हुने, जनहित कुरा भनेको खण्डमा स्वतन्त्र विचारले मनन गरी ग्रहण गर्नुपर्छ । हिचकिचाहटको केही कारण छैन । तर, कुनै धर्म नबुझिकन आँखा चिम्लेर ग्रहण गर्नु उचित होइन ।



Downloaded from http://www.dhamma.digital

यो बुद्धको उपदेशले संकुचित साम्प्रदायिकतालाई महान वज्र प्रहार गरेको छ । गौतम बुद्धले ठीक भन्नुभएको छ- धर्मग्रन्थमा लेखेको छ भनेमा, कसैले भनेको आधारमा, कुनै पनि कुरालाई विश्वास गर्नु हुँदैन । आफ्नो बाजे र साथीहरूले मानिआएकोभनी विश्वास गर्नु हुन्न । बरू आफ्नो बुद्धिले काम लिई विचार गर्न सक्नुपर्छ । यदि त्यो काम हित र लाभदायक सिद्ध हुन्छ तथा बहुजन हिताय, बहुजन सुखाय हो भने स्वीकार गर्ने अन्यथा नगर्नु ।

गौतम बुद्धले त त्यही कामलाई धर्म भन्नुहुन्थ्यो जुन कि बहुजन हित र बहुजन सुख समृद्धि हुन्छ । अरू धार्मिक साम्प्रदायकहरूले जनताको ध्यान इहलोकबाट मोडी, यो संसारलाई तुच्छ गरी परलोकमा लैजान कोशिस र प्रयत्न गर्छ । परन्तु बुद्ध परलोकको कुरा नगरी इहलौकिक सुखलाई जोड दिनुहुन्छ । त्यसैले उहाँको उपदेश र धर्मलाई (सन्दिट्ठिको) यही जन्ममा देखिने, (अकालिको) पछि फलदिने होइन, अहिलेको अहिले नै फलदिने धर्म हो । यही नै बुद्धधर्मको विशेषता हो ।

अर्को कुरो हो- मानव मानवको बीच कुनै प्रकारको भेदभाव छैन । जन्मले कुनै नीच र उँच जात हुँदैन । कर्मले नीच र उँच हुन्छ । बुद्धले भन्नुभएको छः

न जच्चा वसलो होति, न जच्चा होति ब्राह्मणो,<br>
कम्मना वसलो होति, कम्मना होति ब्राह्मणो ।



Downloaded from http://www.dhamma.digital

बौद्ध समाज, जस्तो कि गंगा, यमुना, बाग्मती आदि नदी कहाँदेखि शुरू भई समुद्रमा गएर एउटै बन्छ, एकै रस हुन्छ, त्यस्तै विभिन्न प्रकारका वर्ग र जातिका मानिसहरू बुद्धधर्म ग्रहण गरिसकेपछि आफ्ना जाति र थरलाई पन्छाई एउटै जाति हुन जान्छन् । यो बुद्धधर्मको महान क्रान्तिकारी कदमहो । बुद्धधर्म समानतावाद हो । प्रसिद्ध महायानी आचार्य धर्मकीर्तिको कथनबाट यो कुरा स्पष्ट हुन्छ । बुद्धशिक्षा र बौद्ध शिक्षामा अन्य विश्वासलाई स्थान छैन । आचार्य धर्मकीर्ति भन्नुहुन्छ -

वेदप्रमाणं कश्यचित् कर्तुवाद

स्नाने धर्मेच्छा जातिवादव लेपः

सन्तापांगः पापहानाय वेति

ध्वस्त प्रज्ञाना पंचलिंगानिजाडच

अर्थात् वेदगल्ती हुन सक्दैन भन्ने विश्वास संसारको श्रृष्टिकर्ता छ भन्ने धारणा, पुण्यतीर्थ स्थानमा स्नान गर्न धर्म मान्नु, कुलवादले घमण्ड हुनु, पापनाश गर्न निमित्त शरीरलाई अनावश्यक दुःख दिनु, यी पाँच विश्वास विकृत मस्तिष्कको लक्षण हो ।

अभाग्यवश नेपाली बौद्ध समाजमा पनि यी पाँच ध्वस्त प्रज्ञाका लक्षणहरूले राम्रा स्थान पाइसकेको देखिन्छ । बुद्धधर्म आचरणमा भर पर्छ । तर, तृतीय शताब्दीमा बौद्धहरूले स्वार्थवश सदाचारमा आस्था नराखी



Downloaded from http://www.dhamma.digital

तन्त्रयान, बज्रयान मार्ग अपनाई बुद्धधर्म अस्तित्वमा नयाँ चुनौति थप्ने कार्य गरिदिए भने अस्तित्वमै प्रश्न चिन्ह खडा गरिदिए ।

बुद्धधर्मको अर्को महत्वपूर्ण कुरो- देव ब्रह्मादि कुनै पनि अमानवीय शक्तिको सहायता विना आफ्नै उत्साहले स्वतन्त्र विकास हुनुपर्छ । अर्थात् चिन्ताबाट तथा जीवन मुक्तिको लागि देवीदेवताको भरोसामा निर्भर रहनु हुँदैन । आफ्नो मालिक आफै हो- "अत्ताहि अत्तनोनाथो" अर्थात् आफ्नो खुट्टामा उभिन सक्नुपर्छ । के गरु कर्ममा लेखेको छैन भनी कर्मलाई दोष दिई चुपचाप हात बाँधी बस्नु हुँदैन । उत्साह र प्रयत्न गर्नुपर्छ अनि कर्ममा नभएको पनि उत्पन्न हुन्छ, कामसिद्ध हुन्छ । कर्मलाई दोष दियो भने कहिले पनि उन्नति गर्न सक्दैन ।

अर्को उल्लेखनीय कुरो गौतम बुद्धले भन्नुभएको छ- "कुल्लुपमं भिक्खवे धम्मँ देसेमि" भिक्षुहरू ! तिमीहरूलाई म यस्तो धर्मको उपदेश दिन्छु- खोला, नदी तर्नलाई डुंगाको सहयोग चाहिन्छ । खोला तरिसकेपछि डुंगालाई काँधमा बोकी हुँड्दैन । त्यस्तै मेरो धर्म पनि जहाँ पनि, जैले पनि बोकेर हिँड्नलाई होइन । डुँगाजस्तै धर्म पनि जीवन मार्गको काममा ल्याउनलाई मात्र हो ।



Downloaded from http://www.dhamma.digital

# बुद्ध र व्यावहारिक धर्म

आजको वैज्ञानिक युगमा धेरै प्रकारका (साम्प्रदायिक) धर्महरू छन् । ती धर्महरूमध्ये बुद्धले प्रचार गनुभएको धर्म (बुद्धशिक्षा) पनि एउटा विशेषतायुक्त धर्म हो । हुन त गौतम बुद्धले "बुद्धधर्म" भनेर प्रचार गरेको थिएन । "धम्म" (धर्म) भनेर मात्र शिक्षाको प्रचार गर्नुभएको थियो । गौतम बुद्धले शिक्षाअनुसार धर्मको मतलब सबैले दिलैदेखि सोचेर आ-आफूले गर्नुपर्ने कर्तव्यहरू पूरा गर्नुलाई भनिन्छ । समयमै आफ्ना कर्तव्यहरू पूरा गरिदिन सकेमा शान्ति कायम हुन्छ । असन्तुष्ट र कलह हुँदैन ।

तर, पहिलेदेखि आजसम्म पूजा-आजा गर्नेलाई मात्र धर्म मान्ने चलनचल्ती छ । पूजा गर्नु त वैदिक आदिकालदेखि चलिआएको धार्मिक परम्परा हो । पूजा गर्दा चित्तले क्षणिक आनन्दको महसुस गर्न सकिन्छ । तर, धर्मको सही अर्थ नबुझेमा पूजा कार्य नै अन्धविश्वासमा परिणत हुनेछ ।

पूजाविधिबारे बुद्धको व्यावहारिकपक्ष के हो ? यतातिरपनि एकपटक ध्यान दिउँ । आजको समाजमा धर्मको दुई पक्ष देखिन्छन् । एकथरी समूह पूजाप्रार्थनामा मात्र बढी आस्था राख्ने गर्छ । अर्को पक्ष मानिसको आ-आफ्नो व्यवहार, रहन-सहनमा र चालचलनमा सुधार



Downloaded from http://www.dhamma.digital

ल्याई आफूभन्दा जेठोलाई मानसम्मान गरिकन जीवन यापन गर्ने, मूर्तिपूजाका लागि भिक्षुहरूले व्यर्थमा समय नफाल्नुभनी गौतम बुद्धले भन्नुभएका कुरा दीर्घनिकायअन्तर्गत महापरिनिर्वाण सुत्रमा उल्लेख छ । तर, गृहस्थीहरूका लागि दुई प्रकार पूजा उल्लेख गरिएका छन्-

१. आमिसपूजा : (भौतिक पुष्प-धूप आदिले गर्ने पूजा)

२. प्रतिपत्ति पूजा (मान्छेको आ-आफ्नो स्वभाव सदाचार राम्रो पार्ने, फलफूल, धूप, नैवद्य आदि खाद्य पदार्थले पूजा गर्नुलाई अमिस पूजा भनिन्छ । आ-आफ्ना आचारण व्यवहारमा सुधार ल्याउनु र सुधार गर्नु नै प्रतिपत्ति (व्यवहारिक) पूजा हो । सफा सुग्घर गरेर बस्ने पनि प्रतिपत्ति पूजा हो ।

दुई थरी पूजा भन्नु भए तापनि बुद्धले प्रतिपत्ति आचरण शुद्धि पूजालाई नै प्रशंसा गर्नुभएको देखिन्छ । केवल भक्तिभावले मात्र युक्त भई मूर्ति पूजामा लागि व्यवहारमा निस्कृत हुन्छ भने अर्थात् अर्को भाषामा भन्ने हो भने आफूले गर्नुपर्ने काम-काज नगरी अन्धविश्वासमा मात्र लागिरहन्छ भने त्यो केवल देखावट पूजा र धर्म मात्र हुन जानेछ ।

थेरवाद बुद्धधर्ममा पूजा गर्दाखेरि बुद्धको गुणानुस्मरण गर्नु भनेको नै यसलाई मार्ग-प्रदर्शक गुरुको रूपमा लिई पूजा गरिन्छ न कि वरदान लिनको निमित्त । गौतम बुद्ध भन्नुहुन्छ- "म वरदानबाट टाढा छु । तुम्हेहि किच्चँ आतप्पं अक्खातारो तथागता अर्थात् काममा आफैले उत्साह



Downloaded from http://www.dhamma.digital

र प्रयत्न गर्नुपर्छ, तथागत त मार्ग-प्रदर्शक मात्र हो । त्यस बाटोमा हिँड्न सक्ने व्यक्ति मात्र आफ्नो लक्ष्य पूरा गर्न सक्नेछ । मैले (बुद्धले) तिमीहरू सबैको मुक्तिको जिम्मा लिन सक्तिन । तिमीहरू आफ्नो ज्योतिमा हिँड्ने गर, अत्त दीपो भव, जत्ताहि अत्तनो नाथो, अत्तसरणा अनञ्ञसरणा अर्थात् आफ्नो खुट्टामा टेक्ने र आफ्नै भरोसामा रहने प्रयत्न गर । अर्काको भरोसामा नबस ।"

आजको युगमा हामीलाई चाहिने प्रतिपत्ति पूजा आचरण र व्यवहार सुधार गर्नु हो । प्रतिपत्ति पूजाको अर्थ स्पष्ट गर्नलाई एउटा उदाहरण प्रस्तुत गर्दछु । धर्मात्माको तौल बाहिरी पूजा-पाठले मात्र नाप्न सकिँदैन, बल्कि उसको आचरणबाट नै धर्मात्मालाई ठीक तरिकाले चिन्न सकिन्छ ।

अनुमान गरूँ, एकजना देवभक्ति अथवा पुजारी स्वयम्भू अथवा पशुपतिमा दिनका दिन पूजागर्न जान्छ । उसको हातमा चोखो पानी र पूजाको सामान रहेछ । पुजारी मन्दिर जाँदै थियो । उताबाट एकजना तिर्खाएको मानिसले पुजारीसित अनुरोध सहित विन्ति गर्दै भन्यो- "दाजु ! मलाई साह्रै पानी प्यास लाग्यो, कृपया पानी पिउन दिनुस् न ?"

पुजारीले भन्यो- "यो (नील:) चोखो पानी हो, देवतालाई चढाउन ल्याएको हुँ, त्यसैले तिमीलाई दिन सक्तिन ।"

विचरा तिर्खाएको बटुवाले निराश भई आफ्नो



Downloaded from http://www.dhamma.digital

पाइला अगाडि बढायो । अलि पर पुगेपछि एकजना किसान खेती गर्न कृषि सामान र पानी बोकी आइरहेको थियो । अनि त्यस तिर्खाएको बटुवाले त्यो किसानसित अनुरोध गरे- "दाजु ! पानी अलिकति खान दिन सक्नुहुन्छ ?" त्यो किसानले खुशीसाथ जति चाहिन्छ, मनग्गे पिउनुस् भनी पानी ठम्याइदियो । तिर्खा मेट्नेगरी कलकल पानी खाइसकेपछि जय होस् किसान दाजु भनी भित्री मनदेखि आशीर्वाद दिई बटुवा आफ्नो बाटो लाग्यो ।

अब प्रश्न उठ्छ- दिनका दिन भक्ति र उपासनामा लाग्ने पुजारी धर्मात्मा भनूँ कि तिर्खाएको मानिसलाई पानी दिने किसान ? वास्तवमा यहाँ त चोखो पानी लैजाने पुजारीभन्दा प्यास लागेको मानिसलाई पानी पिलाउने ज्यापु नै धर्मात्मा हुनजान्छ । किसानले पानी खुवाएको काम नै प्रतिपत्ति (व्यवहारिक) पूजा हो । कर्तव्य र धर्म हो । प्रस्तुत घटना उदाहरण दिएको धेरै भक्तिमार्गीहरूलाई पच्ने खालको भएन । अब प्रसङ्ग बदलुँ ।

धेरै जनाले सोध्छन् गृहस्थीहरूलाई कस्तो किसिमको धार्मिक बाटो बुद्धले देखाउनुभएको छ र कसरी जीविका चलाउनुपर्छ ?

गौतम बुद्धले राजगृहको श्रृगालपुत्रलाई दिनुभएको उपदेशलाई छोटकरीमा प्रस्तुत गर्नु उपयुक्त हुनेछ-

एक दिन बिहानै गौतम बुद्ध भिक्षाटनका लागि बाहिर जानुभएको थियो । एकजना श्रृगाल नामक युवक



Downloaded from http://www.dhamma.digital

गङ्गा नदीमा नुहाइसकेपछि भिजेको शरीरले पूर्व, दक्षिण, पश्चिम, उत्तर माथि अनि तल हेरिकन हात जोडी ६ दिशा नमस्कार गरिरहेको बुद्धले देखे । बुद्धले सोध्नुभयो- "तिमीले ६ दिशालाई नमस्कार किन गरेको ?"

उसले भन्यो- "यो त मलाई पनि थाहा छैन । मैले त परम्परादेखि चलिआएको धर्म सम्झेर गरेको हुँ । मेरो पिता मृत्यु शय्यामा हुँदाखेरि मलाई यसरी नमस्कार गर्नुभनी भन्नुभएको थियो ।"

बुद्धले भन्नुभयो- "नजानीकन गरिएको पूजाले के लाभ त ?"

श्रृगालपुत्रले भन्यो- "भन्ते ! तपाईंले नै भन्नुस् पूजा केका लागि गरिन्छ र कस्तो किसिमको पूजा गर्नु पर्छ ?"

बुद्धले भन्नुभयो- "त्यसोभए म भन्छु, राम्रोसँग सुन । सबैभन्दा पहिले दिशाको अर्थ सम्झनुपर्छ र बुझ्नुपर्छ । जुन दिशालाई तिमीले पूजा गरिरहेछौं, त्यो साँच्चीको दिशा होइन । पूजा गर्नुपर्ने दिशा त अर्कै छ ।"

"भन्ते ! ती कस्ता किसिमका दिशा हुन् त ?"श्रृगालले सोध्यो ।

बुद्धले भन्नुभयो- "हे गृहपति पुत्र, आमा-बुबा पूर्वदिशा हो । त्यसैले आमा बुबाको आज्ञाकारी बनी सेवा गर्नु नै पूर्वशिदाको पूजा हुन्छ । राम्रो शिक्षा दिनुहुने गुरु



Downloaded from http://www.dhamma.digital

दक्षिणदिशा हो । गुरुको आज्ञाकारी बनी शिक्षित र विनम्र हुनु दक्षिणदिशालाई नमस्कार गर्नु हो । पति-पत्नी पश्चिमदिशा हो । अफ्ना धर्मपत्नी प्रमुख बालबच्चाहरूको सेवा र देखभार गर्नु पश्चिमदिशालाई नमस्कार गर्नु हो । मित्र-साथी उत्तरदिशा हो । मित्रप्रति कर्तव्य पालन गर्नु हो । मालिक र सेवक तल्लो दिशा र श्रमण-भिक्षु-भिक्षुणी माथिल्ला दिशा हुन् ।

यहाँ पूज्य आमा-बुबाप्रति छोराछोरीको कर्तव्य र छोराछोरीप्रति गर्नुपर्ने आमा-बुबाको कर्तव्य पालन गर्नु नै पूजा हो । यस्तैसबै पारिवारिकबीच परस्पर कर्तव्य पालन गर्नु नै सही पूजा हो ।"

यति कुरा सुनिसकेपछि श्रृगालपुत्रले भन्यो- "भन्ते ! माता-पिताको पूजा त ठीक छ, तर सेवकको पूजा कसरी गर्ने ? सेवकहरूले त मेरो पूजा गरिरहेका छन् ।"

Dhamma.Digital

गौतम बुद्धले भन्नुभयो- "पूजाको अर्थ केवल हात जोडी नमस्कार गर्नु मात्र होइन, परस्पर कर्तव्य पालन गर्नु पनि हो । मुख्य पूजा कर्तव्य पालन गर्नु नै हो ।"

श्रृगालपुत्र बुद्धको कुरा सुनिसकेपछि बोध भयो र उसको हृदय परिवर्तन भयो ।



Downloaded from http://www.dhamma.digital

# क्रोध र शान्ति

मानिसलाई खराब पार्ने धेरै कुभावना र कुसंस्कारहरू छन् । जस्तै ईर्ष्या, लोभ-लालच, मोह र अज्ञानता आदि । ति मध्ये सबैभन्दा नराम्रो खतरनाक चाहिँ क्रोध हो । क्रोध हुँदा मानिस अन्धो हुन्छ । किनकि क्रोधले आमाबुबा, स्वास्नी, छोराछोरी, साथीभाइ, इष्टमित्र कोही पनि चिन्दैन, मारिदिन्छ र हिंसा गरिदिन्छ । मानिसको आफ्नो शत्रु क्रोध हो । क्रोध मैत्री गुणधर्मको शत्रु हो र क्रोधको कारण स्वार्थ हो ।

बुद्धसमक्ष एकजना सज्जन आएर प्रश्न गर्छ- "किं सत्थमलं लोके ?" अर्थात् शास्त्र पढेकालाई खिया लाग्ने कुनचाहिँ चीज हो ?

बुद्ध भन्नुहुन्छ- कोधो सत्थमलं लोके अर्थात् संसारमा शास्त्र क्रोध हो । विद्वानलाई खिया लाग्ने क्रोध हो । मतलब क्रोध आउँदा जति विद्वान भए तापनि ऊ पतन हुन्छ, उसको मूल्य रहँदैन । किनकि विद्वानको कुनै अर्थ रहँदैन । सर्वनाश हुन्छ ।

बुद्धकालीन घटना हो । विनयधर र धर्म देशकबीच सानो कुरामा कलह भयो । कलहले भयंकर रूप लियो । बुद्धले उनीहरूलाई सम्झाउनुभयो, कलह गर्नु



Downloaded from http://www.dhamma.digital

राम्रो कुरा होइन, मिलेर बस । सुखा संघस्स सामग्गी मिलेर बस्नु संघलाई सुख हुन्छ । कलह गर्ने भिक्षुहरूले भने "तपाईं बुद्ध हुनुभयो, हामी बुद्धू हौं । तपाईं आफ्नो ठाउँमा जानुस् । हामी आफ्नो समस्या समाधन गर्छौं ।" अनि बुद्धले उनीहरूलाई पाठ सिकाउन कसैलाई केही नभनी जंगल पस्नुभयो । यहाँ बुद्धको अर्ति मान्न तयार नभएको कारण क्रोधको जोशले होस गुम्यो । यही हो विद्वतामा खिया लागेको दुष्टान्त ।

यहाँ बुद्धलाई पनि क्रोध आयो, दु:ख भयो तर बुद्धमा अथाह मैत्री करुणाले छायो । बुद्धको दर्शन नपाएका उपासक उपासिकाहरूले कलहकारी भिक्षुहरूलाई सामुहिक बहिष्कार गरिदिए । फलस्वरूप भिक्षुहरू भोकै बस्नु पर्‍यो । अनि आपसमा कुरा गरे-अब मिल्नु पर्‍यो । नत्र त हामी बाँच्न सक्दैनौं । हामी अज्ञानी हौं । अब हामी मिलेर बुद्धसँग क्षमा माग्न जाऔं । बुद्धले क्षमा दिनु भयो । अनि उपासक उपासिकाहरूले बहिष्कार फिर्ता लिए र खान दिए, सम्मान गरे । यो बुद्धको क्रोध मैत्री र करुणाले भरिएको छ भन्ने ज्वलन्त उदाहरण हो ।

एकजना आक्रोशक ब्राह्मण बुद्धकहाँ गएर प्रश्न गरे "किंसु झत्वा सुखं सेति, किंसु झत्वा नसोचति ?" के चीज एउटा नाश गर्दा सुख हुन्छ, पीर हुँदैन ?

बुद्धको उत्तर थियो- "कोधं झत्वा सुखं सेति, कोधं झत्वा नसोचति" अर्थात् क्रोध एउटा नाश गर्न सके सुख



Downloaded from http://www.dhamma.digital

हुन्छ, पीर हुँदैन । बुद्धमा मैत्री र करुणा भएकोले अन्तमा शान्ति हुन्छ तर हामीमा क्रोध आएको खण्डमा अशान्तिले अन्त हुन्छ । बुद्ध भन्नुहुन्छ- "क्रोध त्याग्न सजिलो छैन तर क्रोध खतरनाक छ तैपनि त्याग्न सक्छ, सधैं क्रोध रहँदैन । जे होस्, क्रोधको दुष्परिणाम ठूलो छ, भयंकर छ, तसर्थ भिक्षुहरूमा क्रोध आयो भने शोभा हुँदैन । किनभने क्रोधले जोश बढ्छ अनि सत्यानाश हुन्छ

त्यसैले बुद्ध भन्नुहुन्थ्यो- "भिक्षुहरू सधै सतर्क सचेत हुनुपर्छ, होशियार हुनुपर्छ । अनि क्रोध आउन सक्दैन । अनि शान्ति हुन्छ ।"

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# गौतम बुद्ध र प्रजातन्त्र

२०५५ वैशाख १ गतेका दिन धरान बुद्धबिहारमा प्रवचन कार्यक्रम थियो । उक्त अवसरमा केही प्रतिष्ठित बुद्धिजीवि र आध्यात्मिक चिन्तकहरू भेटघाटको कार्यक्रम पनि थियो । बुद्धधर्मसम्बन्धी छलफल गर्नका लागि भएको उक्त भेटघाट कार्यक्रममा एकजना आध्यात्मिक चिन्तकले प्रश्न गर्नुभयो । कार्लमार्क्सले धर्मलाई अफिम भन्नुभएको थियो । यस विषयमा तपाईंको के विचार छ नि भन्ते ?

जहाँसम्म मलाई लाग्छ अम्मल हो भन्ने कुरा भगवान बुद्ध स्वयंले भन्नुभएको थियो । किनभने मानिसहरूले धर्मको आधारमा आचरण शुद्धितिर ध्यान नदिइकन मूर्तिअगाडि पुष्प, धूप आदि चढाई उपासनामा तल्लीनहुनु त्यसले पाप भन्ने ठान्नु अम्मल नै हो । धर्म भनेको त आचरण शुद्धि हुनु हो । अन्याय, भ्रष्टाचार नुहुनु हो । तर यतातिर ध्यान नदिइकन केवल पूजापाठमा मात्र आसक्त हुनुलाई के भन्ने ? बुद्धको विचारमा धर्ममा साम्प्रदायिकता र पूर्वाग्रह हुनु हुँदैन । साम्प्रदायिकता र पूर्वाग्रहलाई नै अफिम भनेको हो । बुद्धले कुनै पनि साम्प्रदायिक धर्मको प्रचार गर्नुभएन । शुद्धतासहित धर्मको मात्र प्रचार गर्नुभयो । मानिस शुद्ध बन्नुपर्ने कुरा बुद्धको शिक्षामा समावेश छ । मानिस कुनै पनि चिजमा आसक्त



Downloaded from http://www.dhamma.digital

हुनुहुँदैन । धर्ममा आसक्त भएको खण्डमा साम्प्रदायिकता र पूर्वाग्रहको गन्ध आउन थाल्छ । धर्मको नाउँमा झगडा सुरू हुन्छ । गौतम बुद्धधर्म निरपेक्षताको पक्षपाती हुनुहुन्थ्यो । धर्मलाई अफिमको रूपमा लिएर नै नेपालको संविधानमा "नेपाल हिन्दू राष्ट्र" घोषणा गरिएको छ । नेपाल बहुधार्मिक, बहुभाषिक र बहुजातिक राष्ट्र हो । एउटा मात्र धर्म र भाषालाई मान्यता दिनु साम्प्रदायिक कुरा हो । यसले गर्दा झगडा, विवाद उठ्नसक्छ । धर्ममा अफिम भनेको नै यस्तै कुरालाई हो ।

हाल नेपाल धर्मनिरपेक्ष बनिसकेको छ (नाम मात्रको लागि) अर्को उदाहरण लिउँ, भारतमा धर्मनिरपेक्ष राष्ट्र घोषणा गरे तापनि साम्प्रदायिक भावना हटेको छैन फलस्वरूप हिन्दू, मुस्लिमबीच झगडा भइनै रहन्छ मुस्लिम मुस्लिमबीचमा झगडा भइरहने कुरा हामी छापाम पढ्छौं । यो धर्मलाई काखी च्यापी आसक्त धर्मनिरपेक्ष राज्य भए पनि भारतमा प्रशासन यन्त्रले भेदभावको दृष्टिले काम गर्छन् । भारतमा अम्बेडकरका अनुयायीहरूलाई पनि अझै भेदभावको व्यवहार गरिन्छ ।

एकजना मुस्लिम लेखक सलमान रुस्दीले कुरानको आलोचना गर्‍यो भनेर उसलाई मार्ने मान्छेलाई लाखौं डलर दिने घोषणा गरिएको थियो । विचरा कुरान आलोचक भनिने व्यक्ति भूमिगत वर्षौं वर्षसम्म भूमिगत भएर बस्नुपर्ने परिस्थितिको श्रृजना गरियो । के यो धर्म



Downloaded from http://www.dhamma.digital

अफिम भएन र ? साम्प्रदायिक र पूर्वाग्रह नभएको भए यस्ता अमानवीय व्यवहार कहाँबाट हुन्छ ? त्यसैले भगवान् बुद्धले भन्नुभएको छ- "कुल्लुपंम वो भिक्खुवे धम्मं देसेमि, नित्थरणत्थाय नो गहनत्थाय ।" अर्थात् हे भिक्षु हो मैले जुन धर्म उपदेश दिएको छु, त्यो खोला तर्न डुंगाको रूपमा प्रयोग गर्नको निमित्त हो । खोला तर्न डुंगा काम लाग्छ भनेर कसैले काँधमै बोकेर हिँड्दैन । त्यस्तै धर्म पनि सधैं काखी च्यापेर हिँड्नलाई होइन । सबै ठाउँमा समाती रहनको लागि पनि होइन । धर्म साम्प्रदायिकता र पूर्वाग्रहरहित हुनुपर्छ । (मज्भिमनिकाय)

हामीकहाँ धर्मप्रेमी नेताहरू यज्ञ, होम र मन्दिर मन्दिरमा गई धर्मकर्म गरेर साम्प्रदायिकतालाई प्रोत्साहन पनि गर्ने, भ्रष्टाचार कमिशन खोर पनि बन्ने यो कस्तो प्रजातन्त्र ? बुद्धको प्रजातन्त्रमा साम्प्रदायिकता र पूर्वाग्रह पटक्कै देखिँदैन । कुनै प्रकारको भेदभाव हुँदैन । अपवादस्वरूप पछि हुँदै साम्द्रदायिकता र पूर्वाग्रह जातिभेदकोभावना बाद्धमार्गीहरूमा पनि देखिन थाल्यो । यो वैदिक धर्म हिन्दूधर्मको कोसेली हो भन्दा अत्युक्ति नहोला ।

एक पटक गौतम कालाम भन्ने गाउँमा जानुभएको थियो । कालमहरूले बुद्धसँग प्रश्न गरे- "भो श्रमण गौतम ! हाम्रा गाउँमा थरिथरिका धार्मिक नेताहरू आएर आ-आफ्नो धर्म मात्र ठूलो, यही मार्ग मात्र सही मार्ग भन्ने



Downloaded from http://www.dhamma.digital

र अरूको सिद्धान्तलाई मात्र खण्डन गर्छन् । त्यसैले हामी त अलमलमा परेका छौं । कसको कुरा सही हो छुटचाउन सकेनौं । यस बारेमा तपाईंको के विचार र सुझाव छ ?"

बुद्धले भन्नुभयो- "हे कालामहरू हो ! जसरी सुनारले सुनचाँदी आगोमा पोलेर जाँच्ने गर्छन्, परीक्षण गर्दछन्, त्यसरी नै कसैको कुरामा पनि आफ्नो स्वतन्त्र मस्तिष्कले नजानिकन विश्वास गर्नुहुँदैन ।" यी कुराहरू समय सापेक्ष, आजको युगलाई पनि उत्तिकै सुहाउनेजस्तो लाग्यो ।

स्मरणीय कुरा के भने स्वतन्त्र चिन्तनलाई गौतम बुद्धले महत्व दिनुभएको छ । वास्तवमा कुनैपनि धर्ममा आसक्त नभई कट्टर र हठवादी नबनी साम्प्रदायिक र पूर्वाग्रही मानसिकताबाट अलग रही, शुद्ध मानव मस्तिष्कबाट सोची, बुझी मूल्यांकन गरिसकेपछि मात्र स्वीकार्नु पर्छ भन्ने तात्पर्यमा स्वतन्त्र चिन्तन भन्न खोजिएको हो । अर्थात् म बौद्ध, हिन्दू, मुस्लिम, क्रिश्चियन हुँदै भन्दै म त्रिपिटक, गीता, कुरान, बाइबललाई नै मान्छु, यही मात्र ठीक अरूबेठिक भन्दै लिंडेढिपी नगरी पूर्वाग्रहरहित असाम्प्रदायिक भावना बोकी स्वतन्त्र मस्तिष्कले ठीक बेठीक भनी परीक्षण गरेर मात्र स्वीकार गर्नु मात्र भनिएको हो ।

उपर्युक्त कुरा सुनेर बुद्धिजीवि प्रश्नकर्ताले अनायास भने- बुद्ध त बिलकुल सही प्रजातन्त्रवादी हुनुहुँदो रहेछ ।



Downloaded from http://www.dhamma.digital

# बुद्ध र मानवतावाद

बुद्धधर्ममा जातिवादलाई कुनै स्थान दिइएको छैन । यसमा मानवतावाद सामवेश भएको छ । उदाहरणार्थ समाजद्वारा शोषित सुनित भन्ने एक पोडेलाई बुद्धले आफ्नो संघको सदस्य बनाई उपकार गर्नु भएको थियो । त्यस सम्बन्धी घटना यस प्रकार रहेको छ-

श्रावस्ती नगरमा सुनित नामक एक च्यामे थियो । त्यो सार्वजनिक बाटोहरू सफागर्ने काम गर्दथ्यो । त्यो ज्यादै गरीब थियो ।

त्यो बेला ठूलो खानदान र धनी मानिसहरूले बाटोमा हिँड्दा च्यामे र पोडेहरू आफै हट्नु पर्दथ्यो । अन्यथा मार खानुपर्ने अवस्था आइपर्थ्यो । तिनीहरूलाई शिक्षा हासिल गर्ने र धर्मकर्म गर्नेबारे कुनै अधिकार थिएन । किनभने समाजले तिनीहरूलाई अछुत भनी समाजबाट अलग्ग गरी छुट्टाएर राखेको थियो । यो त २००० वर्ष अगाडिको कुरो भयो । हाम्रो देशमा त प्रजातन्त्र आइसकेपछि पनि पोडेहरूका लागि पशुपतिनाथको मन्दिरभित्र प्रवेश निषेध गरिएकोछ । तर यो नियम स्वयम्भू भगवानको मन्दिरमा लागू गरिएको छैन । त्यहाँ सबै जातिलाई ढोका



Downloaded from http://www.dhamma.digital

खुल्ला छ । बुद्धधर्म मानवतावादी धर्म हो भन्ने कुरा यही कुराले पनि पुष्टि हुन्छ ।

एक दिनको कुरो हो, त्यस सुनित च्यामे बिहानै बाटोमा कुचो लगाइ फोहर एक ठाउँमा जम्मा पार्दै थिए । त्यही बेला गौतम बुद्ध आफ्ना भिक्षुहरूको समूहसँग त्यही बाटो हुँदै आउनुभयो । उहाँलाई देख्ने वित्तिकै सुनित पोडे भयभित भई कता जाने, कता जाने भई मार्ग खोज्दै थियो । भगवान बुद्ध नजिकै आइपुग्नुभयो । अनि सुनित त झन् पर्खालमै टाँसिएर उभिरहेको देखी बुद्धले सुनितको अगाडि गई सोध्नुभयो- "साथी ! के तिमी यो काम छाडी भिक्षु बन्न चाहन्छौ ?"

बुद्धको करुणायुक्त कुरा सुनी सुनित पोडे खशीले गद्गद् भयो ।खुशीले ऊ एकछिन बोल्नै सकेन, उसलाई थाहा पनि थिएन कि गौतम बुद्ध त्यति दयावन् हुनुहुन्छ भनेर र अनि भन्न थाल्यो- अहो !महादयावन् महामानव गौतम बुद्ध !अहिलेसम्म सबैले मलाईहुकुम चलाउन मात्र आउँथे र सबैले मलाई काम अऱ्हाउने मात्र गर्थे । तर कसैको मुखबाट मैले म प्रति दया र करुणाले भनेको नरम बोलीवचन सुन्ने अवसर पाएको थिएन । म जस्तो गरीब, अशिक्षित र फोहरीलाई तपाईले आफ्नो संघमा स्थान दिनु हुन्छ भने म त्यसलाई सहर्ष स्वीकार गरी भिक्षु बन्न तयार छु ।



Downloaded from http://www.dhamma.digital

गौतम बुद्धले सुनितलाई भिक्षु बनाइदिनुभयो । त्यो दिनदेखि त्यस सुनित पोडे, पोडे जातिबाट पूज्य बन्यो, राजा, मन्त्री र महाजनहरूले नमस्कार गर्न योग्य बन्यो । यसरी बुद्धले त्यस समयको जातिवादको घेरालाई ठूलो प्रहार गरी तोड्नुभयो । अनि बुद्धले समाजद्वारा नीच कहलाइएका जातिहरूलाई प्रव्रजित गराइदिनुभयो र उनीहरूलाई उच्चजातिहरूले नमस्कार गर्न योग्य व्यक्ति बनाइदिनु भयो ।

बुद्धले भन्नुभएकोछ-

"न जच्चा वसलो होति, न जच्चा होति ब्राह्मणो ।
कम्मना वसलो होति, कम्मना होति ब्राह्मणो ।।

अर्थात्- जन्मले कोही पनि चण्डाल र ब्राह्मण हुँदैनन् । कर्मले चण्डाल र ब्राह्मण हुन्छन् । यो कुरा उपयुक्त घटनाले स्पष्ट पार्दछ ।

अर्को कुरो, गौतम बुद्ध केवल उपदेश मात्र दिने खालको व्यक्ति हुनुहुन्न । वहाँ पहिलो आफूले उदाहरण स्वरूप कार्य गरिदेखाएर मात्र अरूलाई उपदेश दिने गर्नुहुन्थ्यो । यसै सिलसिलामा उदाहरणार्थ बुद्धले आफैले रोगीको सेवा गरी समूहमा बस्दा र समाजमा बस्दा सबैमा परस्पर सेवाभाव हुनुपर्छ भन्ने विषयमा वहाँले भिक्षुहरूलाई ज्ञान दिनुभएको थियो । यसबारे बुद्धकालीन घटना प्रस्तुत गर्न चाहन्छु ।



Downloaded from http://www.dhamma.digital

एक दिन गौतम बुद्ध भिक्षुहरू बस्ने विहार निरीक्षण गर्न जानुभएको थियो । त्यसबेला एकजना भिक्षु पेटको व्यथाले च्यापी सिकिस्त बिरामी भई मलमूत्रसहित बिछ्यौनामा छट्पटाइरहेका थिए। यो दृश्य बुद्धले देख्नु भएपछि वहाँले बिरामीलाई सोध्नुभयो- "आवुसो !(साथी) तिमीलाई कसैले सेवा टहल गरेनन् ?"

रोगीले उत्तर दिए- "भन्ते !कोही पनि म कहाँ आउँदैनन् ।"

यो जवाफ सुनी बुद्धले आफ्ना निजी सेवक भिक्षु आनन्दलाई पानी तताउन आज्ञा दिनुभयो । तातो पानी ल्याइसकेपछि गौतम बुद्धले स्वयं त्यो रोगी भिक्षुको टाउको समात्नुभयो आनन्दले रोगीको शरीर समाती रोगीको स्थान बदली दिनुभयो । त्यसपछिमलमूत्रमा परिरहेको रोगी अर्थात् अनाथ भिक्षुलाई स्वयं बुद्धले आफैले नुहाइदिनुभयो र अर्को कपडा फेर्नुभई रोगीको सेवा गर्नुभयो ।

त्यसपछि सबै भिक्षुहरू एक ठाउँमा जम्मा गरी तथागत बुद्धले भन्नुभयो- "भिक्षुहरू त्यहाँ तिमीहरूका आमा, बुबा, दाजुभाइहरू छैनन् । त्यसकारण तिमीहरूमा परस्पर सहानुभूति र सेवाभाव हुनु जरुरी छ । आज मैले तिमीहरूलाई एउटा कुरा भन्छु सुन- "यो गिलानं उपट्ठाति सो मं उपट्ठाति ।" अर्थात् जसले रोगीको सेवा गर्छ, उसले बुद्धको सेवा गरेको हुन्छ ।



Downloaded from http://www.dhamma.digital

बुद्धधर्ममा मानववाद समावेश भएको छ । बुद्धवाद अतिवादबाट टाढा छ । संकीर्ण र संकुचित भावनालाई यसमा स्थान छैन । बुद्धधर्ममा सबैलाई ढोका खुल्ला छ । राजादेखि गरीबसम्म, ब्राह्मणदेखि पोडेसम्म अंगुलीमालजस्ता कुख्यात डाँका र अम्बपालीजस्ती बेश्याहरू तथा आफ्नो पतिको हत्या गरेर आएकी कुण्डल केशी जस्ती आइमाई आदिलाई पनि बुद्धले भिक्षु र भिक्षुणी संघमा सम्मिलित गराउनु भयो । यस्ता थुप्रै उदाहरणहरू बुद्धकालीन घटनाहरू अध्ययन गर्दै लगेमा भेट्टाउन सकिन्छ । कुनै व्यक्तिअज्ञानवस पापी भए पनि एक सज्जन र धर्मात्मा बन्न सक्छ । दुर्जनहरू सज्जन हुनै सक्दैन र उनीहरू सज्जन बन्न सम्भव छैन भन्ने हो भने धर्म, शिक्षा आदिको केमहत्व रह्यो र ? भारतमा दस्यु सुन्दरीका रूपमा चिनिनेफुलन देवीको हृदय परिवर्तन भयो र नागपुरको दीक्षा भूमिमा गई उनीहरूले पञ्चशील प्रार्थना गरी बुद्धको शिक्षा ग्रहण गरिन् ।

बुद्धको विचारअनुसार पापलाई घृणा गर्नुपर्छ, पापीलाई होइन । हुन त पापीहरू धेरै थरीका हुन्छन् । जन्मसिद्ध अधिकार मानी धनीले गरीबलाई शोषण गरिरहने र अरूलाई दुःख र शोषण गरीदेखावती धर्म गरिरहने एकथरीका पापीहरू पनि छन् । त्यस्तै काम नपाएर आर्थिक अवस्था कमजोर भई गरीबीको कारणले गर्दा पापकर्म गर्न बाध्य भएका अर्को थरीका पापीहरू पनि



Downloaded from http://www.dhamma.digital

छन् ।

कुनै मानिस किन पापी हुन्छ र किन उसको चरित्र र नैतिकता भ्रष्ट हुन्छ, किन भ्रष्टाचार र बलात्कार जस्ता कुकृत्यहरू गरिन्छ र किन झूठा कुराहरू बोलिन्छन् आदि विषयहरूको र घटनाहरूको कारणहरू पत्ता लगाई त्यसबारे ठीक तरिकाले अध्ययन गरी ठीक समझदारी हुनुपर्ने विषयमा बुद्धधर्मले जोड दिएको छ । जबसम्म ठीक समझदारी हुन सक्दैन र तथ्य कारणलाई पत्ता लगाई फ्याँक्न सकिँदैन, तबसम्म बुद्धधर्मले मात्र पनि कुनै समस्या हल गर्न सकिँदैन । फलस्वरूप शान्ति स्थापना गर्नको निमित्त मद्दत मिल्दैन ।

शान्ति र सदाचार समाजको व्यवस्थामा निर्भर हुन्छ । दीर्घनिकायको चक्रवर्ती सिहंनादसूत्रमा गौतम बुद्धले स्पष्ट रूपमा भन्नुभएको छ- गरीबी र निर्धनता नै सबै पापको उपज हो । कामकाज नभएपछि र भोकको कारणले गर्दा पनि समाजमा चोरीको काम हुनसक्छ ।

आजको समाजमा एकथरी अगाड़ि नबढी पछाडितिर सर्दै जानेहरू छन् भने अर्कोथरी पछाडि नहेरिकन तीव्ररूपले अगाडि बढ्दै जानेहरू पनि छन् । यी दुवै थरीलेआजको परिस्थितिलाई विचार गर्नुपरेको छ । त्यस्तै जनताको आर्थिक जीवन राम्रो पार्न बुद्धले मध्यम मार्ग देखाउनु भएको छ । आजको अन्तर्राष्ट्रिय जगतमा आर्थिक असमानताले गर्दा जताततै परिवर्तन र संघर्ष भइरहेको



Downloaded from http://www.dhamma.digital

छ । यदि आर्थिक असमानताको कारणले गर्दा यस समस्यालाई समाधान गर्नको लागि बुद्धले समाजमा त्याग र दानको महत्व दर्शाउनुभयो ।

तर बुद्धको यस नीतिलाई राम्ररी बुझ्न नसकी बुद्धमार्गी देश भएर पनि यहाँ शोषण नीतिलाई अपनाई मनिसहरूले दु:ख भोगिरहेका छन् । बुद्धधर्ममा धनी र गरीबको कुनै भेदभाव छैन । जनताका बीचमा धनी र गरीबको कुनै भेदभाग छैन । जनताका बीचमा धनी र गरीबको बीचमा जुन भिन्नता पाइन्छ, त्यसलाई हामीले समाप्त गर्न सक्नुपर्छ । यही नै मध्यम मार्गको साँचो अर्थ हो ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# बुद्धको भिक्षुसंघ र प्रजातन्त्र

बुद्धका प्रथम सन्देश धर्मचक्र प्रवर्तनपछि सारनाथमा भिक्षुहरूको संख्या ६० पुगेको थियो । त्यसपछि बुद्धले भिक्षुसँग स्थापना गर्नुभयो । भिक्षुसंघलाई व्यक्तिगत सम्पत्ति राख्न मनाही गर्नुभयो । अत्यावश्यक दैनिक उपभोग्य वस्तु मात्र व्यक्तिगत रूपमा राख्न पाउने भनी बुद्धले नियम बनाइदिनुभयो । दानमा प्राप्त हुने ठूलठूला वस्तुहरू सबै सांघिक (सामुहिक) बनाइदिनुभयो । व्यक्तिगत दानलाई निरुत्साहित पार्नुभयो र सामूहिक दानलाई महत्व दिनु भयो । गौतम बुद्ध राजकुलमा जन्मे पनि प्रजातान्त्रिक वातावरणमा हुर्कनुभएको थियो । कपिलवस्तु प्रजातन्त्रात्मक राज्य थियो । त्यसले सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त भइसकेपछि समाज सुधारको लागि प्रजाातन्त्रात्मक भिक्षुसंघको स्थापना गर्नुभएको थियो । कुनै पनि काम गर्न पहिले योजना तयार गर्नुपर्छ । त्यस्तै गौतम बुद्धले पनि पहिले समाज सुधारको लागि नमूनाको रूपमा भिक्षुसंघ स्थापना गर्नुभयो । उक्त संघमा सुरुसुरुमा धेरै नियम र संविधान थिएन । एउटै उद्देश्य थियो : बहुजन हिताय, बहुजन सुखायको काम गर्नु । यस्तै काम भन्ने



Downloaded from http://www.dhamma.digital

किटान गरिएको थिएन तर भिक्षुहरूको मन पवित्र हुनु पर्छ । मानिसलाई असल मान्छे बन्न सक्ने उपदेश र शिक्षा प्रचार गर्ने, मानिसहरूलाई निःस्वार्थ बन्ने र मन पवित्र हुने सन्देश एवं शिक्षा दिन सक्नुपर्छ ।

केही नियम स्मरणीय छ कि भिक्षुहरूको जीवन पारिवारिक अथवा विवाहित हुनु हुँदैन । पारिवारिक जीवन हुँदैन भनेको समाज सुधार सेवामा लाग्नेहरू विवाहित भएमा तिनीहरूबाट पवित्रमय र सेवामूलक हुन सजिलो हुने छैन अर्थात् निःस्वार्थ रूपले सेवागर्न सक्दैन । खाली मेवा खानाको लागि सेवा गरेको हुन्छ । हुन त निःस्वार्थ रूपमा समाज सेवा गरेको खण्डमा मेवा त खाने पाइन्छ नै तर आफ्नो स्वार्थपूर्तिको लागि सेवागर्न नहुने भिक्षुसंघको नियमले भन्छ ।

भिक्षु संघका नियमहरूमध्ये एउटा उल्लेखनीय एवं स्मरणीय कुरा छ, त्यो के भने व्यक्तिगत सम्पत्ति राख्न संग्रह गर्नु हुँदैन । लाभ भएका सबै वस्तु सामुहिक ( सांघिक) हुनुपर्छ र चाहेको बेला संघको अनुमतिले लिन सकिन्छ । व्यक्तिगत रूपमा लाउने चीवर (पहेलो वस्त्र)-३, भिक्षापत्र- १, धागोसियो- १, केश खौरने छुरा- १, पानी छान्ने कपडा- १, कम्मर पेटी- १ र अरू सबै सांघिक अर्थात् सामूहिक हुन्छ । गरूभाण्ड अर्थात् बिछौना, भाँडाकुँडा आदि सबै सामूहिक हुनुपर्छ, व्यक्तिगत हुनुहुँदैन,



Downloaded from http://www.dhamma.digital

चाहेको खण्डमा संघको अनुमति लिएर आवश्यक भएको हो वा होइन जाँच गरेर वितरण गर्ने व्यवस्था छ । हाल यो सिद्धान्त मात्र भएको छ । व्यवहारमा लागू भएको देख्न पाउँदैन । भिक्षुसंघको सदस्य हुनको लागि संघमा प्रस्ताव राख्नु पर्नेछ । अनि संघ भेला हुन्छ । एकजना भिक्षुले प्रस्ताव राख्दछ- "भन्ते भिक्षु संघ ! भिक्षुत्व प्राप्त गर्न इच्छुक एकजना उम्मेदवार छ । संघको के विचार छ ? सबै सहमत छ छैन ? भनी सोधिन्छ । सहमत छ भने उपसम्पदा दीक्षा (भिक्षुत्वदीक्षा) दिनुहोस् ।"

त्यसपछि त्यो व्यक्ति योग्य छ छैन, दोष मुक्त व्यक्ति हो हेइन भनी परीक्षा गराउनु पर्ने व्यवस्था छ अथवा अलग लगेर उनीसँग प्रश्न सोधिन्छ- "आमा बाबुको अनुमति छ छैन ? ऋणबाट मुक्त छ कि छैन ? कसैको दास नभइकन स्वतन्त्र व्यक्ति हो कि होइन ? सरुवा रोग नभएको हो वा होइन ? शरीर अङ्गपूर्ण छ कि छैन ? सिपाही हो कि होइन ? नपुंसक हो वा होइन ? कुष्ठ रोग छ कि छैन ? मानिस हो कि होइन ? पुरुष हो कि होइन ? बीस वर्ष पूरा भएको हो वा होइन ?" इत्यादि दोषले मुक्त भएर २० वर्ष भएको हुनुपर्छ । अनि मात्र उसलाई भिक्षुसंघको सदस्य बनाई दिन्छ ।

भिक्षु संघको प्रजातान्त्रिक लक्षण : भिक्षुसंघ प्रजातन्त्रात्मक विधानअनुसार रचना भएको देखिन्छ तर



Downloaded from http://www.dhamma.digital

आजकालको पूँजीवादी प्रजातन्त्रसित धेरै फरक भइसकेको छ । वास्तविक प्रजातन्त्रको लक्षण भिक्षुसंघमा समावेश भएको देखिन्छ । आजकालको प्रजातन्त्र राज्यको आवश्यक अङ्ग हो विरोधी प्रतिपक्ष हुनुपर्छ भन्ने धारणा । भिक्षुसंघमा विरोधी पक्षलाई ठाउँ छैन । विकास कार्यमा सबैको एउटै विचार हुनुपर्छ तर आलोचना गर्न भने पूर्ण अधिकार छ, स्वतन्त्रता छ । आत्मालोचना गर्नुपर्ने चाहि नभई नहुने नियम छ । दुई दुई हप्तामा ( पाक्षिकरूपमा) भिक्षुसंघ भेला हुने नियम छ । भिक्षुहरूको संघकर्मको लागि भेला भइसकेपछि सर्वप्रथम आपत्ति देशना (आत्मालोचना) हुन्छ । त्यसो भनेको एकजना भिक्षुले अरू भिक्षुको सम्मुख हात जोडी भन्दछ- "मैले यो आपत्ति भएको काम गरिसकें ।" त्यसपछि अर्को भिक्षुलेभन्दछ, "तपाईंले दोषलाई राम्रोसँग देख्नुभई सतर्क हुनुपर्छ । फेरि गल्ती दोहोऱ्याईसंयमित हुनुहोस् । यसरी दुई भिक्षुका बीच परस्पर आपत्ति देशना (आत्मालोचना) पछि संघको अरू काम शुरु हुन्छ ।

यसरी आत्मालोचना गर्ने बुद्धको भिक्षुसंघमा भएको विशिष्ट प्रजातन्त्रको लक्षण हो । आजकालको प्रजातन्त्रवादमा यस्तो नियम र चलन देखिँदैन । विरोधी दल भए पनि विरोधको लागी मात्र विरोध गर्ने परम्पराले देश विकासको लागि बाधा भइरहेको देखिन्छ ।

भिक्षुसंघको अर्को विशेषता भनूं अथवा प्रजातन्त्र



Downloaded from http://www.dhamma.digital

लक्षण संघका बीच विरोध नगरीकन निर्णय भइसकेपछि बाहिर गएर विरोधी कुरा गर्नु हुँदैन । कुनै प्रस्ताव राख्दा कसैलाई चित्त नबुझेमा केही भन्नु छ भने आफ्नो विचार प्रकट गर्न स्वतन्त्र भएको संघको नियम छ ।

भिक्षुसंघमा एकता नभई नहुने नियम छ । दुई दल भई बस्नु प्रजातन्त्रको लक्षण होइन । यो बुद्धको विचार हो । मिलेर काम गर्नु प्रजातन्त्रको लक्षण हो । कुनै घटना नघटिकन पहिले नै नियम बनाउनु हुँदैन । यो बुद्धको विचार हो । आजकालको प्रजातन्त्रमा दुई दल बहुदल भइ रहनु प्रजातन्त्रको लक्षण भनिन्छ ।

अर्को एक भिक्षुसंघको प्रजातान्त्रिक लक्षण के रहेछ भने बहुमतले पास गरेको भन्दैमा समयोचित र व्यावहारिक नभएमा त्यसलाई मान्नै पर्छ भन्ने नियम छैन । उदाहरणको लागि एउटा घटना प्रस्तुत गर्छु ।

वैशालीका वज्जि भिक्षुहरूले दश वस्तक (दशवटा नियमहरू) जस्तै कतै जाने बेलामा नून साथै लिएर जानुहुन्छ, मध्यान्हमा दुई अंगुली छाया बढी पूर्व परे (१२ बजेपछि) पनि खानुहुन्छ, दिउँसो महि पिउनुहुन्छ । पैसा लिएर यात्रा गर्नुहुन्छ इत्यादि नियमहरू बहुमतले पास गरिदियो ।

त्यसपछि अवन्तिका दक्षिणापथमा भिक्षुहरू जो



Downloaded from http://www.dhamma.digital

अल्पमतमा थिए, तर सुशील र अनुशासित थिए उनीहरूले त्यो प्रस्तावको विरोध गरेर भने, कि ती नियम धर्मविरोधी भएका छन् । धर्मविरोधी हो होइन जाँच्नको लागि तत्कालै एउटा कमिटी गठन गरियो । त्यस कमिटीले उक्त प्रस्ताव अधर्म हो भनी निर्णय गरिदियो । त्यो बंहुमतले पास गरेको प्रस्तावित नियमहरू अस्वीकृत भए । ती प्रस्तावहरू त्यस कुरामा असन्तुष्ट भई तिनीहरूबाट अलग्गिएर महासंघिक निकाय बनाई बसे र पछि महायानी बने । अल्पमतकाहरू थेरवादी बनी कट्टरपन्थी भईअद्यापि एक रूपमा विद्यमान छन् । थेरवाद परम्परामा एकरूपता र मौलिक बुद्धको उपदेश (धर्म) को रूप रेखा देखिन्छ । आजकालको प्रजातन्त्रमा समयोचित नभए पनि बहुमतले पारित गरेका कुरालाई मान्नुपर्छ भनिन्छ र मान्छन् तर भिक्षुसंघमा त्यस्तो किसिमको बहुमतलाई मान्नै पर्छ भन्ने नियम छैन ।



Downloaded from http://www.dhamma.digital

# उपकार गर्दा मित्रता बढ्छ

गौतम बुद्धले सर्वप्रथम सारनाथमा भिक्षु संघ गठन गरेपछि भिक्षुहरूलाई यसरी निर्देशन दिँदै भन्नुभएको थियो- "हामी स्वतन्त्र छौं । सबै प्रकारका परिवारका चिन्ता र झन्झटहरूबाट मुक्त छौं । हे भिक्षुहरू, निःस्वार्थ भएर बहुजन हिताय बहुजन सुखायको लागि गाउँ र बस्तीहरूमा विचरण गर । करुणा भाव र सेवाभाव राखी अज्ञानी र संकुचित विचारधारा भएका मानिसहरूको चेतना जगाऊ । किनभने मानिसहरू पारिवारिक जीवनमा मात्र सीमित भई चिन्तन मनन गर्दै समय बिताउँछन् । उनीहरू सफा सुग्धर भई स्वास्थ्यलाभ गर्न पनि जाँदैनन् ।"

चरथ भिक्खवे चारिकं बहुजनहिताय, बहुजन सुखाय, लोकानुकम्पाय, अत्थाय, हिताय, सुखाय, बहुजन हिताय भन्ने उहाँको सन्देशको अर्थ बुझ्न सजिलो भए पनि त्यसको सही रूपमा कार्यान्वयन गर्नु त्यति सजिलो छैन । कार्यान्वयन गर्नकोलागि सबभन्दा पहिले निःस्वार्थ र नियत राम्रो हुनु पर्दोरहेछ । यहाँ भिक्षुहरूलाई सबै प्रकारको चिन्ताबाट मुक्त भएका भन्नुभएको छ- बुद्धले । हुन पनि हो, घरबार छोडेर त्यागी जीवन बिताउने भिक्षुलाई के को चिन्ता ? स्वावलम्बी भएर निःस्वार्थ भई असल शिक्षा र सन्देश दिन सके मानिसहरूले



Downloaded from http://www.dhamma.digital

सो सन्देशको कदर गरी ध्यान देलान् कि, फलस्वरूप संकुचित विचारधारालाई छाडी परस्पर समझदारी बनी सहयोगको भावना राख्लान् कि, र आ-आफ्ना चरित्र सुधार गर्नेतिर ध्यान देलान् कि ।यसरी उपदेश सुने जस्तै त्यस अनुरूप आचरण पनि गरेको खण्डमा बहुजनहित गर्ने लक्ष्य अवश्य पनि पूरा हुन्छ । उपदेश र सन्देश दिने व्यक्तिहरू नि:स्वार्थ हुन सकेमा ज्ञान प्रचार गर्न सजिलो हुनेछ । नि:स्वार्थ बन्न सजिलो नभए पनि असम्भव चाहिँ अवश्य छैन ।

अब जाऔं धार्मिक कुरातिर । गौतम बुद्धले भन्नुभएको थियो- "ददं मित्रानि गन्थति" अर्थात् दिनसके मित्रता बढ्छ । यो शत प्रतिशत कटु सत्य हो । आफूले दिन नसके न साथी हुन्छ न आफन्त नै । अरूलाई दिन नसक्ने मानिस आफ्नो टोलमा बस्न पनि गाह्रो हुन्छ । अरूको प्रिय बन्नको लागि कसैले केही चीज, वस्तु केही कामको लागि माग्न आउँदा आफूसँग भएको सरसामान दिने गर्नुपर्छ ।

बुद्धको शिक्षा मानिसलाई असल मानिस बनाउनु हो । गुण नभए मानिस र पशुमा के फरक हुन्छ ? मनुष्यमा सेवाभाव र उपकार गर्ने उच्चस्तरीय गुण हुनु नै पशुभन्दा माथिको गुण हुनु हो । शाक्यमुनि गौतम बुद्धले धेरैजसो दान र शीलको विषयमा चर्चा गर्नु हुन्थ्यो । धेरैजसो व्यक्तिको मेरो भन्ने धारणा हुने भएकाले



Downloaded from http://www.dhamma.digital

तिनीहरूको मनमा संकुचित भावना र कन्जुसीपनले ठाउँ लिने गर्छ र फलस्वरूप पारिवारिक कलह बढ्छ । त्याग भावना भए मात्र परस्पर स्नेह र मायाको वातावरण सृजना हुन्छ । त्यसैले गौतम बुद्धले मानिसहरूलाई त्याग चेतना हुनुपर्छ अर्थात् दिने बानी गर्नुपर्दछ भन्नुभएको हो । दिन सके मात्र मानिसहरूलाई आफ्नो बसमा ल्याउन सकिन्छ र साथीहरू बढ्नुका साथसाथै समाजमा आफ्नो प्रतिष्ठा समेत बढ्छ । यो भन्नुको तात्पर्य दिने भनेको आफ्नो प्रभुत्व जमाउन र देखावटीको लागि होइन । हृदय फुक्का गरी उदार भई भित्री मनदेखि सहयोगार्थ दिने भन्ने चित्तले त्याग गर्न सक्नुपर्दछ । अनिमात्र त्यस मानिसको प्रतिष्ठा र सम्मान बढ्नेछ । असल मानिस बन्नलाई राम्रो काम गर्ने अभ्यासमा लाग्नुपर्छ । होइन भने मानिसको मन तुरुन्त परिवर्तन भई त्याग चेतना एकै छिनमा कञ्जुसीपनमा बदलिन्छ ।

Dhamma.Digital

आजभोलि त्याग गर्ने वा दान गर्ने कुराहरू धेरैजसो धार्मिक क्षेत्रमा मात्र प्रयोग भइरहेको देखिन्छ । गौतम बुद्धले पारिवारिक र सामाजिक क्षेत्रमा पनि दान दिनुपर्छ भनी भन्नुभएको छ । आमा बुबाले छोराछोरी र बुहारीलाई पनि आफ्नो गच्छेअनुसार आवश्यक लुगा गहना आदि दिनुपर्छ भन्नुभएको छ । किनभने आफ्नो क्षमताले भ्याएर पनि उचित समयमा दिनुपर्ने चीज दिएन भने उनीहरूबाट आफूले राम्रोसँग काम लिन सकिँदैन । बुहारी पनि माइती मात्र जान थाल्छे । आफ्नो वस्तु वा धन अरूलाई दिन



Downloaded from http://www.dhamma.digital

पाउँदा ज्यादै अनौठो आध्यात्मिक सुख र आनन्दको अनुभव हुन्छ । अरूबाट हामीलाई केही चीज वस्तु वा धन आदि प्राप्त हुँदा पनि आनन्द र सुखको अनुभव त हुन्छ तर यहाँ अरूलाई दिँदा र अरूबाट लिँदा प्राप्त हुने आनन्द र सुख तौलेर हेर्दा यी दुईमा सन्तुलन हुन सक्दैन । अरूलाई दिँदा आफ्नो मन प्रसन्नताले भरिनुका साथै मन हलुका र चंगा हुन्छ भने अरूबाट केही पाउँदा मन प्रसन्न भए पनि त्यसका पछि केही असजिलो महसुस भई मन हलुका हुने गर्छ । मतलब शुद्ध र अशुद्ध भावनाको मिश्रित हुन्छ । यो धर्म चिन्तनको कुरा हो ।

समाज वा टोलमा बस्दाखेरी टोलबासीको सहयोग र मित्रता चाहिन्छ । त्यसको लागि आफ्नो तर्फबाट पैसा मात्र होइन अन्य आवश्यक वस्तुहरू दिनसके पनि टोलबासीको स्नेह पाउन सकिन्छ । यसरी अरूलाई केही दिनको लागि आफूसँग पनि केही हुनु त पर्‍यो । त्यसैले गौतम बुद्ध भन्नुहुन्थ्यो- "कमाउँदा केवल खानलाई मात्र कमाएर पुग्दैन काखी मुनिबाट पसिना नआउञ्जेल मेहनत गरी कमाउनु पर्दछ । दिने बेलामा पनि आफ्नो आम्दानी र शक्ति अनुसार दिनुपर्छ । खर्च गर्दा पनि आफ्नो आयस्रोत र क्षमताअनुसार गर्नुपर्छ ।



Downloaded from http://www.dhamma.digital

# बुद्धको शिक्षा

बुद्ध भन्ने शब्द असल ज्ञानसित घनिष्ट सम्बन्ध भएको शब्द हो । बुद्धले सारनाथमा धर्मचक्र सूत्र बताउनु हुँदै भन्नुभयो- हे, भद्र वर्ग ! मैले चतुआर्य सत्य दु:ख छ, दु:खको कारण, दु:ख अन्त्य हुन सक्छ, दु:खको कारण, दु:ख अन्त्य हुन सक्छ, दु:ख अन्त्य हुने बाटो-आर्य अष्टाङ्गिक मार्ग छ भन्ने बारेमा खुब अध्ययन गरें, अभ्यास गरें, तर ज्ञान पाइनँ । जब अन्तर्मुखी भएर मनभित्र लुकिराखेको पुरानो कुसंस्कारलाई पत्ता लगाएर फालिदिएँ, तब मात्र बुद्धत्व पाएँ, बोध गरें । अर्को भाषामा भन्ने हो भने दु:ख र दु:खबाट मुक्तिको ज्ञान प्राप्त गरें । बुद्धले विचार गर्नु भयो- दु:खबाट मुक्ति पाउनु भनेको निर्वाण प्राप्त गर्नु हो । यसको अर्थ सबै प्रकारका तृष्णाबाट मुक्त हुनुपर्ने अवस्था । यसरी विचार गरेर बुद्धले सोच्नुभयो यो निर्वाणको कुरा सारै गम्भिर र गहन विषय हो । तृष्णा र मायाजालमा फसेका जनमानसले बुझ्न र व्यवहारमा ल्याउन सजिलो छैन ।

तसर्थ बुद्धले निर्वाणको कुरा नगरी मानिसलाई असल मानिस (ज्ञानी) बनाउन शिक्षा प्रचार गर्नुभएको बुझिन्छ । बुद्धत्व प्राप्तिपछि ४५ वर्षसम्म उहाँले शिक्षा



Downloaded from http://www.dhamma.digital

प्रचार गर्नुभयो । सूत्रपिटक अध्ययन गर्दा के अनुमान गर्न सकिन्छ भने निर्वाण भन्दा मानिसलाई असल मानिस बन्न सक्ने शिक्षा बढी आवश्यक देखिन्छ ।

सिगालोवाद सूत्रअनुसार असल मानिस बन्नको लागि सर्वप्रथम सही रूपमा परस्पर कर्तव्यपरायण हुनुपर्ने शिक्षा बुद्धले दिनुभएको छ । पारिवारिक जीवन सुखमय र उज्यालोका लागि परस्पर कर्तव्यपरायणका साथै विश्वास पात्र हुनुपर्ने देखिन्छ । पारिवारिक भन्नुपर्दा सर्वप्रथम आमा-बुबा र छोराछोरीबीच परस्पर सेवाभावले कर्तव्य गर्नुपर्ने कुरा आउँछ । बुद्ध भन्नुहुन्छ- आमा बुबा पूर्वाचार्य हुने, मतलब बच्चा जन्माएपछि हुर्काउन अथक प्रयत्न गर्नु हुन्छ । छोराछोरीहरूलाई आत्मनिर्भर हुने राम्रा राम्रा शिक्षा दिनुहुन्छ । विरामी हुँदा दया माया गरी सेवा गर्नुहुन्छ । तसर्थ छोरा छोरीहरूले माता पिताको गुणस्मरण गरी सेवा गर्नु परम कर्तव्य हुन आउँछ ।

बुद्ध भन्नुहुन्छ- त्यसपछि पति पत्नीबीचको परस्पर कर्तव्यको कुरा आउँछ । श्रीमती पुरुषको हितैषी साथी हुन् भनी सम्भनु पर्दछ । यौन इच्छा पूर्तिको साधन र दासी मात्र सम्भनु हुँदैन । श्रीमतीले श्रीमान्ले कमाएर ल्याएको धन दुरुपयोग नगरी रक्षा गर्न सक्नुपर्छ । पतिको घरमा गइसकेपछि असल गृहणी बन्नुपर्छ । मतलब दिलैदेखि मन लगाएर घरको गर्नुपर्ने काममा संलग्न



Downloaded from http://www.dhamma.digital

हुनुपर्छ । ठूलाबडाको सम्मान गर्न सके घरमा शान्तिको वातावरण सफल हुन सक्छ । श्रीमान्ले पनि समय समयमा श्रीमतीलाई लुगाफाटो र गहना यथाशक्य पूर्ति गर्न सक्नुपर्छ । परस्पर विश्वासपात्र बन्नु अत्यन्त राम्रो हुन्छ । अनि पारिवारिक जीवन सुखमय र उज्ज्वल हुन्छ ।

बुद्ध भन्नुहुन्छ- अज्ञानतावश परिवारबीच कसैको कमी कमजोरी हुन सक्छ र अरूले नराम्रो काम कुरा गरिरहेको देख्दा तुरुन्त प्रतिक्रिया नजनाइ त्यस्तो काम कुरा आफूले पनि गरेको छ कि छैन विचार गर्न सक्नु राम्रो हुन्छ र मैत्री र दयापूर्वक सम्झाउन सके झन् राम्रो हुन्छ । कसैले पनि अरूको अहित हुने खालको काम कुरा गर्नु हुँदैन । तैपनि अज्ञानता र बेहोशीपनाले गर्दा अरूको निन्दा चर्चा हुन सक्छ । अरूको निन्दा चर्चा नगर्नु राम्रो चरित्रको लक्षण हो । भगवान बुद्धले दिनुभएको असल शिक्षामध्ये मानिसलाईअसलमान्छे बनाउन यो महत्वपूर्ण शिक्षा मान्न सकिन्छ । किनकि आजकल अर्काको दोष र कमजोरी मात्र औंल्याउनु मानिसहरूको संस्कृति र सभ्यता नै भैसकेको देखिन्छ ।

बुद्ध भन्नुहुन्छ- मानिस अन्तर्मुखी हुन सके अर्काको निन्दा चर्चा गर्ने बानी हराएर जान्छ । अन्तर्मुखी बन्न सके मानिसले आफूलाई आफैले चिन्न सक्ने हुन्छ । यो बुद्धको मानिसलाई असल मानिस बनाउने सही शिक्षा



Downloaded from http://www.dhamma.digital

भन्न सकिन्छ । बुद्ध भन्नुहुन्छ- अध्ययन गर्नुपर्छ र विद्वान हुनु भनेको विद्वता देखाउनु र मालिक बन्नको लागि होइन, असल मानिस बन्नको लागि हो । विद्वान बनेर आचरण राम्रो भएन भने अरूको गाई चराएर दूध खान नपाउने गोठालो जस्तै हुन्छ । पढ्नु, बुझ्नु अर्कै कुरा हो, व्यवहार राम्रो पार्नु र आचरण राम्रो पार्नु अर्कै कुरा हो । परियति र प्रतिपत्ति शिक्षा भनेको यही हो ।

बुद्ध भन्नुहुन्छ- गृहस्थी जीवन असल र सुखमय जीवन बनाउनको लागि खूबइमान्दारी साथ काम गरेर पैसा कमाउनु पर्छ तर पैसा जम्मा गरेर राख्नका लागि मात्र होइन अरूको उपकार र सदुपयोग गर्नका लागि हो । त्याग चेतनाले दिन सके मित्रहरू पाइन्छ, आफन्तहरू बढ्छन् र प्रतिष्ठा पनि बढ्छ ।

बुद्ध भन्नुहुन्छ- गृहस्थीले आम्दानी अनुसार खर्च गर्न सक्नुपर्छ । अन्यथा अरूसँग सापटी लिई जीवन बिताउनु पर्छ । ऋणी जीवन सुखकर हुँदैन ।

बुद्ध भन्नुहुन्छ- पाप कर्म नगरेर मात्र पुग्दैन त्यस्तै धर्मकर्म गरेर मात्र पुग्दैन, चित्त शुद्ध हुनुपर्छ । मानिसलाई असल मानिस बन्नको लागि उपयुक्त बुद्धका शिक्षाहरू अति महत्वपूर्ण छन् ।



Downloaded from http://www.dhamma.digital

# बुद्धको अनात्मवाद-एक दृष्टि

आत्मावाद र अनात्मवाद गम्भीर र विवादास्पद विषय हो । म यस विषयको वादविवादमा अल्झिरहने पक्षमा छैन । तर, यो एउटा अध्ययनको विषय चाहिँ पक्कै भएको हुनाले त्यही विषयमा मैले यो लेख लेख्न लागिरहेको छु । बुद्धको अनात्मवादबारे मैले जानेबुझे अनुसारको धारणा मात्र पोख्न चाहेको छु । त्यसैले यो ठीक पनि हुनसक्छ, बेठीक पनि हुनसक्छ । ठीक छ वा छैन, आ-आफ्नो दृष्टिमा भर पर्छ ।

भगवान् बुद्धले कसैलाई दुःबाट मुक्त गरिदिने जिम्मा लिनु हुन्नथ्यो । उहाँ भन्नुहुन्थ्यो- 'मैले तिमीहरूलाई दुःखबाट मुक्त हुने बाटो मात्र देखाउन सक्छु अर्थात् निर्वाण प्राप्त गर्ने तरिका मात्र बताउन सक्छु । मैले देखाएको त्यस बाटोमा तिमीहरू हिँड्न सक्यौ भने र मैले देखाएको तरिका अपनायौं भने मात्र तिमीहरू दुःखबाट मुक्त निर्वाण अवस्था प्राप्त गर्नेछौ । मैले कसैको हात समातेर त्यहाँसम्म लान सक्दिन । सुद्धि असुद्धि पच्चत्तं नाञ्ञमञ्ञं विसोधये, कसैले कसैलाई पनि शुद्ध गर्न सक्दैन । शुद्ध र अशुद्ध



Downloaded from http://www.dhamma.digital

हुने आ-आफ्नो हातमा नै छ ।' तर, एकचोटी भिक्षुहरूमा अहंकारभावना बढ्दै गएको देखेर बुद्धले फेरि भन्नुभयो- 'हे भिक्षुहरू ! तिमीहरूले अहंकार एउटा नाश गर्न सकेको खण्डमा मैले तिमीहरूलाई दु:खबाट मुक्त गरी निर्वाण पुऱ्याउने जिम्मा लिन सक्छु ।'

त्यसैले मैले बुझे अनुसार अहंकारलाई दमन गर्नु र नाश गर्नु नै अनात्मवाद हो । आज संसारमा जति पनि अशान्ति मच्चिरहेका छन्, शोषण नीति चलिरहेका छन्, ती सबैको कारण धेरैजसो मानिसहरूमा अहंकार भावना विद्यमान रहेकोले गर्दा नै हो । गौतम बुद्ध भन्नुहुन्छ- 'धन मद, यौवन मद, रूप मद, बल सम्पन्न हुनु, विद्वान हुनु, अरूले गर्न नसक्ने दुर्लभ कार्यहरू गर्न सक्नु, वक्ता बन्न सक्नु, पुरुषार्थ देखाउन सक्नु आदि यी सबै अहंकार बढ्नुको मुख्य कारणहरू हुन्, अर्थात् जड हुन् ।' नेतृत्वको लागि झगडा हुने, खेलकुदमा विजयी बन्ने आदि सबै अधिकांश आत्मवादी हुन् र अहंकारीपनका कारणहरू हुन् । यिनीहरूबाट नै झैझगडा शुरू हुने गर्दछ ।

यही अहंकार भावनाको सिलसिलाबद्ध भई यहाँ बुद्धकालीन एउटा घटना प्रस्तुत गर्न चाहन्छु । एक समय बुद्धसमक्ष भद्दिय शाक्य राजा, अनुरुद्ध, आनन्द भगु, किम्भिल तथा देवदत्त आदि ६ जवान शाक्य राजकुमारहरू भिक्षु बन्नको लागि आइपुगे । उनीहरूको साथमा उपालि नाम गरेको एक जना हजाम सेवक पनि थिए । सबैले



Downloaded from http://www.dhamma.digital

आ-आफ्नो गहना फुकालीउपालि सेवकलाई जिम्मा लगाई उसलाई घर फर्कन आदेश दिए । गहनाको पोको बोकी जाँदै गरेको उपालिलाई डाँकाहरूले मारेर गहनाको पोका लुटेर लाने हो कि, फेरि यी शाक्य राजकुमारहरू किन त्यागी बन्न पुगेका होलान् ? यसमा केही रहस्य लुकेको हुनुपर्छ । मलाई चाहिँदैन यो गहनाको पोको ।' यति विचार गरी उसले जंगलमै एउटा रूखमा त्यस गहनाको पोको झुण्ड्याएर त्यसमा 'जसले लिए पनि हुन्छ' भनेर लेखी त्यसै छाडेर ऊ बुद्धसमक्ष आइपुगे । उसलाई देखी शाक्यहरूले अचम्म मानी सोधे- 'किन फर्केर आएको ? उत्तर थियो- 'म पनि भिक्षु बन्ने ।' यो सुनी शाक्य राजकुमारहरूले भने- 'भो गुरू ! कृपा गरी हामी सबैलाई भिक्षु बनाइदिनुहोस् ।'

गौतम बुद्धले सोध्नुभयो- 'लौ त, पहिले को भिक्षु बन्ने ? शाक्यहरूले भने 'हामी शाक्यहरू अभिमानी र अहंकारी छौं । त्यसैले यो हजाम उपालिलाई पहिला भिक्षु बनाइदिनुभए राम्रो हुनेछ । बुद्धले भन्नुभयो- त्यसो भए तिमीहरू सबैले उसलाई टाउको झुकाई वन्दना (अभिवादन) गर्नुपर्ला नि !' उनीहरूले पनि दृढताका साथ भने- 'हामी त्यस्तै गर्छौं, अभिवादन गर्नमा हामीलाई कुनै आपत्ति छैन ।'

यो सुनी गौतम बुद्धले पहिले हजाम उपालिलाई, अनि पछि अरू शाक्य राजकुमारलाई पालैसित भिक्षु बनाइदिनु



Downloaded from http://www.dhamma.digital

भयो । अनि बुद्धले भन्नुभयो- 'अब, उपालि तिमीहरूभन्दा जेठो भइसक्यो । त्यसकारण उसलाई सबैले ढोग र नमस्कार गर । ६ जवानले नै वन्दना गर्न कोशिस गरे तर कसैको पनि टाउको तलतिर झुकेन । उनीहरूले विचार गरे- 'उपालि त हाम्रो सेवक हो । कसरी उसको अगाडि टाउको झुकाउने होला' टाउको त झुक्दै झुकेन । अनि बुद्धले सोध्नुभयो- 'के भयो ?' उत्तर थियो- 'भो शास्ता, टाउको झुकाउनै गाह्रो भयो ।' बुद्धले भन्नुभयो- 'होइन टाउको झुकाई हात जोडी तिमीहरू सबैले अभिवादन गर्नैपर्छ । अनि मात्र तिमीहरूको अभिमान दमन हुनेछ ।' यस्तो कुरा सुनी शाक्य कुमारहरू सबैले जबर्जस्ती आ-आफ्नो टाउको झुकाई उपालिलाई नमस्कार गरेर आफ्नो अहंकारलाई दमन गरी छाडे ।

त्यसपछि त्यस उपालि भिक्षुमा थाहै नपाउने गरी विस्तारै अभिमान चढ्न थाल्यो । उनले विचार गरे- म सेवक थिएँ पहिले । अबत म मालिक बने । मालिकहरूचाहि सेवक बने । यसरी ऊ घमण्डले फुलेर सालिक जस्तै ठाडा गरेर बस्न थाल्यो । भनिन्छ, फल नफलेको फुस्रो रूख ठाडो हुन्छ । तर, फल फलेको रूख गर्‍हौं भएर झुक्छ रे । त्यस्तै भयो त्यो उपालि भिक्षु पनि । तर, विस्तारै उसलाई आफूभित्र आएको परिवर्तन स्वभावबारे होश आयो र आफूले आफैलाई अर्तिदिन थाल्यो- 'अहिले तिम्रो अभिमान चढ्दैछ । तल झर्ला । अहंकारी



Downloaded from http://www.dhamma.digital

बन्छस् । गुणलेमात्रमान्छे ठूलो बन्छ । तिमीले आफ्नो मनको अहंकारलाई जरैदेखि उखेलेर फ्याँक । होइन भने तिम्रो पतन हुनेछ । मेहनत गरी मन शुद्ध पार्ने कोशिस गरी मनको मैलालाई तुरुन्त पखाल ।' यति विचार गरिसकेपछि उसले आफ्नो अहंकार हटाउनको लागि खुब मेहनत गर्नमा तल्लिनभयो ।विपस्सना ध्यानमा लागेर अन्तमा उसले आफ्नो कमजोरी र अहंकारलाई फाल्न सफल भयो । ऊ साँच्चिकै आध्यात्मिक गुणले पनि जेठोभयो । अन्य अनुशासित भिक्षुहरूमध्ये अग्रपंक्तिमा पुगे । यसरी उपालि शुद्ध अनात्मवाद भए । तर, उपालिसँगै भिक्षु बन्ने देवदत्तको भने अभिमान चढ्दै गयो । उसले बुद्धलाई प्राप्त भएको मान सत्कार देखी सहन नसकी इर्ष्या भावना जगाए । बुद्धलाई हत्या गरेर आफू बुद्ध बन्ने कुआकांक्षा राखे । फलस्वरूप अहंकारी, आत्मवादी बनेर ऊ एक दिन पतन भै भयो । यो घटनाले स्पष्ट हुन्छ अहंकार नै आत्मा हो । अहंकारलाई नाश गर्नसके मात्र अनात्मवादी बन्न सकिन्छ ।

फेरि अर्को एउटा उदाहरण प्रस्तुत गर्न चाहन्छु । बी.ए. पास भएको एक जना व्यक्ति काम नपाएर बम्बई पुगेछ । कामको खोजीमा जाँदा-जाँदा ऊ एक जना साहुकहाँ पुगेछ र साहुले सोधे 'तिमीले के काम गर्न सक्छौ ?' उसले आफू बी.ए. पास भएको कुरा प्रकाशमा नल्याइ जे काम पनि गर्न सक्छु भन्ने उत्तर दिएकोले



Downloaded from http://www.dhamma.digital

साहुले उसलाई अनपढ सम्झी भाँडा माझ्ने, कुचो लगाउने र सफा सुग्धर गर्ने काम दिए । त्यस्तै काम भए पनि उसले खुब राम्रोसँग मेहनत गरेर आफ्नो कर्तव्य पालन गर्दै रहे । एक दिन उसले कुचो लाउँदै गर्दा एउटा चिठी फेला पाऱ्यो । उसले उत्सुक भई त्यस चिठी पढ्दै गरेको साहुजीले देखेर सोधे 'ए ! तिमीलाई लेखपढ गर्न पनि आउँछ ?' उसले भन्यो- 'अलि अलि आउँछ ।' त्यसो भए लेख त भनी अक्षर लेखाउँदा उसले राम्ररी अक्षर लेखेको देखेर साहुजीले भने- 'अरे ! तिम्रो अक्षर त खूब राम्रो रहेछ नि । त्यसो भए मेरो सामान झिकाउनको लागि तिमीले एउटा चिठी लेख्नुपऱ्यो' भनी सामानहरूको लिष्ट पनि दियो । उसले त शिष्ट र राम्रो भाषामा चिठी लेखिदियो । त्यो चिठी सम्बन्धित ठाउँमा पुगेपछि त्यहाँबाट राम्रा सामानहरू मनग्गे आइपुगेको देखेर साहुजी दंग परी पुरानो मुन्सीलाई अर्कै पदमा सारेर कुचिकारलाई पदोन्नति गरी मुन्सी पदमा बढुवा गरिदिए ।

त्यसपछि नाटक शुरू हुनथाल्यो । पुरानो मुन्सीलाई इर्ष्या हुन थाल्यो । कहाँको एउटा मान्छे आएर मेरो थाली नै खोसेर लियो । पर्ख न उलाइए नबिगारी कहाँ छोड्छु र भनी नयाँ मान्छेको गल्तीहरू खोज्ने र निहुँ खोज्ने कार्य शुरु गर्न थाल्यो । उसले नयाँ मुन्सीलाई नराम्रो नियतले पछ्याँउदै हिँड्न थाल्यो । यसरी यहाँ आत्मवाद शुरु हुन थाल्यो ।



Downloaded from http://www.dhamma.digital

यता नयाँ मान्छेको पनि आफ्नो पदोन्नति हुनासाथ उसमा पनि विस्तारै अभिमान चढ्न थाल्यो । तर ऊ सभ्य भएकोले समयमै उसलाई होश आयो । उसले आफूले आफैलाई अर्ति दिनु शुरु गरे- 'ए ! सावधान ! तिमी कस्तो अवस्थामा यहाँ आइपुगेको, बिर्स्यौ ? घमण्डले तल खस्ला नि ? यसरी आफूलाई होशमा राख्नको लागि उसले आफ्ना पुरानो लुगा र जुत्ता एउटा बाकसमा राखेको रहेछ । कार्यालय जानुभन्दा अगाडि दिनकादिन उसले त्यो पुरानो झुत्रो लुगा र जुत्तालाई नमस्कार गरेर पहिलेको अवस्था स्मरण गर्दै अहंकारलाई दमन गरेर मात्र अफिस जाने गर्न थाल्यो ।

पुरानो मुन्सीले त्यस मानिसको चेवा चर्चा गरी हिँड्दा हिँड्दै उसको ढोका नजिक गएर काम थापिरहेको रहेछ । दैवसंयोग नयाँ मुन्सीले भित्र बाकस खोलेको र बन्द गरेको आवाज उसले (पुरानो मुन्सीले) सुन्यो । अनि पुरानो मुन्सीले गलत अनुमान लगायो- 'नयाँ मुन्सीले पैसा हिनामिना गरेर पैसा गनिरहेको होला ।' यसैलाई प्रमाण मानी उसले साहुजीकहाँ गएर चुक्ली गर्‍यो- 'साहुजीले मान्छे चिन्नु जान्नु छैन, एकैचोटी पैसा जिम्मा लगाउनु भयो । नयाँ मुन्सी त इमान्दार छैन जस्तो लाग्छ है । उसले पैसा हिनामिना गरेको जस्तो देखिन्छ ।' साहुजीले सोधे- 'तिमीले यो कुरो कसरी थाहा पायौ ?' उसले भन्यो 'नपत्याए उसको कोठा तिर एक पटक जानुस्



Downloaded from http://www.dhamma.digital

न । उसले कोठा बन्द गरी मज्जाले पैसा गनिराखेको हुन्छ ।' पैसाको कुरा सुन्ने वित्तिकै साहुको मनमा चिसो पस्यो । शंका लाग्यो । साहुजीले तथ्य कुरो पत्ता लगाउनु पऱ्यो भनी नयाँ मुन्सीकहाँ निरक्षणको लागि जाँदा मुन्सीको कोठाको ढोका बन्द रहेको देख्यो । यो देखी साहुजीले भने- 'ए ! ढोका खोल त !' साहुजीको आवाज सुन्नेवित्तिकै भित्र हत्तर पत्तर बाकस बन्द गरेको र हतारिँदै नयाँ मुन्सीले ढोका खोलेको देख्नेवित्तिकै साहुजीले शंका गरेर सोधिहाले- 'तिमी के गरिरहेको ?' केही होइन भन्ने जवाफ सुनी साहुजीलाई त झन् शंका लाग्यो र भन्यो 'तिम्रो बाकस खोल त ?' बाकस खोलेर हेर्दा त त्यहाँ पुराना लुगा र जुत्ता एक जोरबाहेक अरू केही देखेन । त्यसैले साहुजीले सोध्यो- 'तिमी दिनका दिन ढोका बन्द गरेर के गरिरहन्छौ यहाँ ?' उसले जवाफ दियो- 'साहुजी म यही मैलो र झुत्रो जुत्ता लगाएर यहाँ आएको एक नोकर हुँ । मलाई तपाईंले कुचिकार पदबाट मुन्सी पद दिई पदोन्नति गर्नुभयो । त्यसैले ममा अभिमान र अहंकार चढ्यो । अनि यही लुगालाई नमस्कार गरेर मैले आफ्नो अहंकारलाई दमन गरेर सधैं कार्यालय जाने गर्दैछु ।'

उसको यो कुरा सुनी साहुजी जिल्ल परे । अनि उसले भूतपूर्व मुन्सीलाई बोलाएर यसरी गाली गऱ्यो- 'तिमी त दुष्ट र इर्ष्यालु मान्छे पो रहेछौं । मन त निकै कालो रहेछ नि तिम्रो । धत् बेइमान ।' यहाँ बुझ्नुपर्ने



Downloaded from http://www.dhamma.digital

कुरा के भने नयाँ कारिन्दाले आफूमा अहंकार चढेको थाहा पाउने वित्तिकै जसरी दमन गऱ्यो, त्यसलाई नै अनात्मवाद भन्न सकिन्छ । तर, पुरानो कारिन्दा आत्मावादी बनेकोले उसले आफूलाई मात्र होइन आफ्ना वरिपरि नै अशान्ति मच्चाइदियो ।

सबैलाई थाहा छ, स्वामी विवेकानन्द साधु महात्मा हुनुहुन्छ भन्ने कुरा । उहाँ हिन्दू साधू भएर पनि अनात्मावादी हुनुहुन्छ भनी मैले ठान्दछु । त्यसबारे एउटा घटना प्रस्तुत गर्न चाहन्छु । एक दिन उहाँ गंगाजीमा घुम्न निस्कनु भएछ । त्यहाँ थुप्रै साधुहरू बस्ने गर्थे । स्वामी विवेकानन्दले एक जना साधुकहाँ गएर सोध्नुभयो- 'कहिलेदेखि यहाँ रहनुभएको ? ४० वर्ष भयो । अहिले के गर्दै हुनुहुन्छ र किन साधु बन्नुभएको ? म ४० हजारको सम्पत्ति त्यागेर साधु बनेको हुँ र अहिले ज्ञान प्रचार गर्दैछु ।

स्वामी विवेकानन्दले भन्नुभयो- 'साधु बन्नुभएको ४० वर्ष भइसक्यो, अहिलेसम्म आफूले त्याग गरेर आएको ४० हजार सम्पत्तिलाई बोकिराख्नु भएको रहेछ । तपाईंको मनबाट अहिलेसम्म त्यो फ्याँकिसकेको धनको माया छुटेको रहेनछ । कसरी साधु बन्नुभयो ? अहंकारलाई नाश गर्नको लागि नै हो साधु बन्नुपर्ने । ४० हजार सम्पत्ति त्यागेर आएँ भन्ने अहंकार कहाँबाट पलायो ? तपाईं त शुद्ध साधु होइन रहेछ । यो कुरा सुनी त्यो साधु त वाल्ल परेछ । यसरी अत्मवादी र अहंकारमा घनिष्ट सम्बन्ध



Downloaded from http://www.dhamma.digital

छ ।

म पनि अनात्मवादी बन्न मन पराउँछु । तर, मैले अहिलेसम्म मबाट अहंकार हटाउन सकिराखेको छैन । प्रवचन दिँदा भन्ने गर्छु मैले गाउँगाउँमा गएर धर्म प्रचार गर्दैछु । यति पैसा बौद्ध जागरण शिविरलाई खर्च गरें । यति हजारको पुस्तक छापे । दुई दुईवटा पत्रिकामा प्रधान सम्पादक छु आदि भावनाहरू मनमा आई समय-समयमा अहंकारीपना आउने गर्छ । कहिलेकाहिँ आफूले प्रवचन गरेको बारे आफ्नो नाम अखबारमा छापेन भने पनि रीस उठ्ने गर्छ । आफूले चन्दा दिँदा केही गरी आफ्नो नाम छापिएन भने पनि मन खिन्न हुने गर्छ । दृष्टि पत्रिकामा छापिएको आफ्नो लेखलाई आफैले लेखेको भए पनि तीन चार पटक पढ्ने गर्छु । यो पनि एक प्रकारको अहंकार नै हो । यही आत्मवादी हो । आत्मवादले गर्दा प्रभुत्ववाद उत्पन्न हुने गर्छ ।



Downloaded from http://www.dhamma.digital

# मानिसको आचरण नै उन्नति...

मानिसको जीवन सुखमय र शिक्षित हुन शिक्षा अर्थात् अध्ययन नभई नहुने हुन्छ । शिक्षा भनेको पढेर ज्ञानी हुने औषधि र उपाय हो । र, पढेर मात्रै ज्ञानी शिक्षित हुने भन्ने चाहिँ पक्कै होइन । ज्ञान बाहिरबाट आउँछ, ज्ञानी चाहिँ भित्रबाट हुन्छ । पढेर र सुनेर आफ्नै मनले वा ज्ञानले सम्झी यो राम्रो हो, यो नराम्रो भनी बुझि महसुस गरी सतर्क हुनुसके मात्र शिक्षित र ज्ञानी हुन सकिन्छ ।

आमाबाबुले आफ्ना छोराछोरीलाई स्कूलमा पढ्न पठाउनुको दुईवटा कारण छन्, ती हुन् पढेर आफ्नो बच्चा ठूलो मानिस बनोस् र ज्ञानी पनि होस् । शिक्षा भनेको स्कुलमा पढेर मात्र प्राप्त हुने कुरा होइन । सज्जनहरूको संगत राम्रो कुरा सुनेर पनि शिक्षा लिन सकिन्छ । तर, डाडुले दिनकादिन तरकारी चलाए पनि तिहुनको स्वाद थाहा नपाएजस्तो संगत गरेर मात्र शिक्षा कहाँ पाइन्छ र ? चालनी बुद्धिको मानिस कहिल्यै पनि शिक्षित हुन सक्दैन । चालनीले राम्रो जति फालिदिन्छ, नराम्रो मात्र स्वीकार गर्छ, जम्मा गर्ने गर्छ । नाङ्लो बुद्धिको मानिस शिक्षित र ज्ञानी हुनसक्छ, नाङ्लोले काम नलाग्नेलाई बाहिर फालिन्छ र काम लाग्ने मात्र बचाउने, जम्मा गर्ने



Downloaded from http://www.dhamma.digital

काम गर्छ । आजभोलि त चालनी बुद्धि भएका मानिसहरूको संख्या बढी देखिन्छ, तर नाङ्लो बुद्धि र विवेक बुद्धि भएका मानिसहरूको संख्यामा ह्रास भइरहेको देखिन्छ ।

स्कुलमा गएर नपढी देशविदेशको भ्रमण गरेर पनि शिक्षा लिन सकिन्छ, ज्ञानगुण हासिल गर्न सकिन्छ । नाचगान या नाटक हेरेर पनि शिक्षा लिन सकिन्छ, सिनेमा र टिभी हेरेर पनि शिक्षा लिन सकिन्छ । राम्रो मात्र नाङ्लोले जम्मा गरेजस्तै राम्रो कामलाई टिपेर लिन सक्नुपर्छ । तर, आजभोलि त सिनेमा हेरेर चरित्र भ्रष्ट हुने कुरा मात्र सिक्ने, त्यस्तै प्रेरणा मात्र लिनेहरू बढी देखिन्छ ।

बुद्धधर्म अनुसार पढेलेखेर विद्वान भएकोलाई मात्र शिक्षित भनिदैन । साँच्चै नै विद्वान र सभ्य त्यसलाई भनिन्छ, जो पढेलेखे अुसार सदाचारी हुन्छ, आमाबाबु जेठा तथा गुरुजनहरूको सम्मान गर्न जानेको हुन्छ, घमण्ड हुँदैन, अनपढर गरीबहरूलाई हेला गर्दैन । अशिक्षितहरूलाई तालिम दिन सजिलो छैन, तर मनोवैज्ञानिक तरिकाबाट सम्झाई बुझाई शिक्षा दिनसके तालिम हुन्छ । पढेलेखेका विद्वानहरूले राम्रो विकासको काम गर्नेप्रति ईर्ष्या र डाहा गर्दैनन् । एकतामा अनेकता ल्याउँदैनन् । आफूलाई पनि अरूलाई पनि हित र भलो हुने उपकारी काम गर्छन् । यस्ता गुण भएका व्यक्तिलाई शिक्षित र विद्वान भनिन्छ ।



Downloaded from http://www.dhamma.digital

आजभोलि अपवाद स्वरूप मानिसहरू आईए. विए आदि पास भएपछि घरगृस्थीको काम गर्न मन पराउँदैनन् । तरकारी आदि किन्न बजार जाऊ भन्दाखेरी पढेर परीक्षा पास गरेको पसल गएर किनमेल गर्नको लागि होइन, तरकारी किन्न जाने काम त अक्षर पढ्न नजान्नहरूको काम हो, नोकरचाकरको काम हो भन्ने गरेका सुनिन्छ । पढेपछि सेवक बन्ने होइन, मालिक बन्न खोज्ने दास पवृत्ति कहाँबाट आएको ? यो शिक्षानीति नै 'च्योबुद्धि' दास बुद्धिको हो कि ! केही पढेलेखेका छोराछोरी, छोरा बुहारीबाट घरको कामकाज नहुने भएपछि केहिले आजभोलि अनपढ छोराबुहारी र छोरी नै ठीक, धेरै लगानी गरेर पढाएर मात्र के गर्ने, पढेलेखकाहरूले बुढाबुढी आमाबाबुहरूको वास्ता गर्दैनन्' भन्न थालेका छन् ।

पालि साहित्यमा प्रसिद्ध पराभव सूत्रमा बुद्धले भन्नुभएको छ, 'सुविजानो भवं होति सुविजानो पराभवो' अर्थात् पढेलेखेको मान्छेको उत्थान पनि हुन्छ,पढेलेखेको मान्छे पतन पनि हुन्छ । कुनै कुनै पुस्तकमा यसरी अर्थ लेखिएको पाइन्छ, उन्नति र पतन हुने उसको आचरण अनुसार नै हो ।

साधारण समाजको व्यवहारतिर दृष्टि राख्दा के देख्न पाइन्छ भने पढेलेखेरमात्र मानिस शिक्षित हुँदैन, ठूलो मानिस बन्दैन, शिक्षित वर्गले नै ठूलठूला गल्ती र अपराध गरिरहेको पाइन्छ । पढेलेखेका शिक्षितका शिक्षित



Downloaded from http://www.dhamma.digital

व्यक्तिहरूले (भिक्षुहरूले) पनि भन्नेलाई भन्नदेऊ न भनी ह्यामी हृदयी भई बस्दछन् । लाजसरम र भयहीन भएका छन् । मानिसको व्यवहारले नै उसको शिक्षितपन र विद्वता चिन्न सकिन्छ । कामले मानिस उँच र नीच हुन्छ भनेर बुद्धले भन्नुभएको प्रमाण वसल सूत्रमा यसरी उल्लेख भएको छ- 'नजच्चा वसलो होति नजच्चा होति ब्राह्मणो कम्मना वसलो होति, कम्मना होति ब्राह्मणो' अर्थात् जन्मले कोही पनि नीच र ब्राह्मण हुँदैन, कामले नीच र ब्राह्मण अर्थात् उँच नीच हुन्छ ।

पढेलेखे अनुसार इमान्दारीपन र अलि नि:स्वार्थी हुनसके राम्रो हुने, अझ आफ्ना कमीकमजोरी र गल्ती महसुसर गरेर आत्मालोचना गर्न सके सुनमाथि सुगन्ध थपिने हुन्छ, शिक्षाको महत्व पनि बढ्छ । देशको संस्कृति र सभ्यता पनि सुरक्षित हन्छ । पुरानो कला, वस्तु र रितिथितीको रक्षा गर्नु मात्रलाई संस्कृति भनिदैंन, मानिसको सभ्य जीवनसित संस्कृतिको घनिष्ट सम्बन्ध रहेको हुन्छ । संस्कृतिको रक्षाको लागि आर्थिक जीवनमा पनि सुधार आउनु पर्छ । जति भए पनि नपुग्ने तृष्णाको जालमा फँस्नेले पनि संस्कृतिको रक्षा गर्न सक्दैन । भोकाएको मानिसबाट पनि संस्कृतिको रक्षा हुन सक्दैन । हाल फोहरी काठमाडौं देखेर विदेशीहरू नेपालमा संस्कृति नै छैन भन्छन् भने नेपालीहरूलाई साह्रै अशिक्षित वर्गमा समावेश गरिएका छन् । यद्यपि नेपाललाई प्राकृतिक सौन्दर्य र धार्मिक परम्पराले धनी बनाएकै छ । बुद्धको जन्मभूमि र सगरमाथाले नेपालको शीर जति ठाडो भएको छ,



Downloaded from http://www.dhamma.digital

उत्तिकै फोहरको पहाडले नेपाल धेरै तल खसेको छ । अत: नेपालमा कस्तो प्रकारको शिक्षा दिइन्छ भन्ने प्रश्न खडा भएको छ । तर, जबसम्म साँच्चैको शिक्षा प्रवाह गर्ने शिक्षकवर्ग विद्यमान रहने हुन्छ तबसम्म संस्कृतिको भविष्य उज्ज्वल हुनेछ ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

## लेखकया प्रकाशित नेपालभाषाया मेगु सफूत

१. गौतम बुद्ध

२. बुद्धया अर्थनीति (संयुक्त)

३. तथागत हृदय

४. त्याग

५. दश संयोजन (सं.०

६. भिक्षुया पत्र (भाग-१)

७. भिक्षुया पत्र (भाग-२)

८. पेकिङ्ग स्वास्थ्य निवास

९. बौद्ध शिक्षा

१०. न्हापांयाम्ह गुरु सु ?

११. माँ-बौलुमन

१२. हृदय परिवर्तन

१३. बौद्ध ध्यान (भाग-१)

१४. बौद्ध ध्यान (भाग-२)

१५. बाखं (भाग-१)

१६. बाखं (भाग-२)

१७. बाखं (भाग-३)

१८. बाखं (भाग-४)

१९. बाखं (भाग-५)

२० बाखं (भाग-६)

२१. भिक्षु जीवन

२२. भिंम्ह मचा

२३. बाखँया फल (भाग-१)

२४.बाखँया फल (भाग-२)

२५. धम्मचक्कप्पवत्तन सुत्त

२६. क्षान्ति व मैत्री

२७. बोधिसत्व

२८. मुर्खम्ह पासा मज्यु

२९. श्रमण नारद (अनु)

३०. ईर्ष्या व शंका

३१. चरित्र पुचः (भाग-१)

३२. चरित्र पुचः (भाग-२)

३३. योगीया चिट्ठी

३४. पालि प्रवेश (भाग-१)

३५. पालि प्रवेश (भाग-२)

३६. धर्ममसीनि

३७. सर्वज्ञ (भाग-१)

३८. सर्वज्ञ (भाग-२)

३९. दुःख मदैगु लँपु

४०. शिक्षा (भाग-१)

४१. शिक्षा (भाग-२)

४२. शिक्षा (भाग-३)

४३. शिक्षा (भाग-४)

४४. दान



Downloaded from http://www.dhamma.digital

४५. चमत्कार
४६. बुद्धया व्यवहारिक पक्ष धर्म
४७. व्यवहारिक प्रज्ञा
४८. दीर्घायुजुइमा
४९. ज्ञान मार्ग(भाग-१)
५०. ज्ञान मार्ग(भाग-२)
५१. बौद्ध नैतिक शिक्षा (दो.सं.)
५२. भिगू बन्धन
५३. मनुम्हसिइकेगु गय् ?
५४. संस्कृति
५५. बुद्धया करुणा व ब्रहम्दण्ड
५६. धर्मया ज्ञान
५७. कर्मव कर्मफल
५८. अमृत दान
५९. मंगल
६०. बुद्ध योग्यम्ह गुरु ख:

## लेखकका छापिसकेका अन्य नेपाली पुस्तकहरू

१. नेपाल चीन मैत्री
२. बौद्ध दर्शन
३. बुद्ध र व्यवहारिक धर्म
४. पञ्चशील
५. शान्ति
६. नारी हृदय
७. पेकिङ्ग स्वास्थ्य सेवा
८. बौद्ध संस्कार (दो.सं.)
९. बौद्ध जगतमा स्वास्थ्य सेवा (दु.सं.)
१०. निरोगी
११. बुद्धकोविचारधारा
१२. मैले बुझोको बुद्ध धर्म
१३. बौद्ध नैतिक शिक्षा (भाग-१)
१४. बौद्ध ज्ञान
१५. "बुद्ध र बुद्ध धर्मको संक्षिप्त परिचय"
१६. धर्मचिन्तन
१७. बौद्ध ध्यान (बिपस्यना ध्यान)
१८. सम्यक शिक्षा (भाग-१)
१९. आर्यसंस्कृति
२०. आर्यशील र आर्यमार्ग
२१. सम्यक शिक्षा (भाग-२)



Downloaded from http://www.dhamma.digital

२२. सम्यक शिक्षा (भाग-३)
२३. निन्दाबाट बच्ने कोही छैन
२४. बुद्धकालिन प्रजातन्त्र र समाजबाद
२५. नारीहरूमा पनि बुद्धि छ
२६. बुद्धकालिन संस्कृति
२७. बुद्धकलिन संस्कृति र परिस्थिति
२८. पहिलोगुरु को हुन् ?
२९. बुद्धको संस्कृति र महत्व
३०. क्षन्ति र मैत्री (अनु वीर्यवती)
३१. धर्म र हृदय
३२. बोध कथा र बौद्ध चरित्र
३३. कर्म र कर्मफल (अनु भिक्षु संघरक्षित)
३४. भिक्षु जीवन (अनु भिक्षु संघरक्षित)
३५. दश संयोजन (अनु भिक्षु संघरक्षित)
३६. २१ औं शताब्दिमा बुद्धको शिक्षा किन?
३७. चित्त शुद्ध भए जीवन उन्नत हुनेछ
३८. धर्मजीवन जिउने कला
३९. बुद्धको जीवनोपयोगी शिक्षा
४०. नक्कली देवता
४१. बुद्ध र बुद्धको धर्म
४२. समाजको लागि बुद्धको शिक्षा
४३. मानिसलाई असल बनाउने बुद्धको शिक्षा
४४. व्यवहारिक पञ्ञा (अनु भिक्षुसंघरक्षित)
४५. अमूल्य धन (अनु भिक्षु संघरक्षित)
४६. बुद्धको चमत्कार
४७. दीर्घायु हुने उपाय
४८. नेपालमा थेरवादी बुद्धधर्मको भविष्य (प्रथम भाग)
४९. धर्मप्रचार
५०. नेपालमा थेरवादी बुद्धधर्मको भविष्य (दोश्रो भाग)
५१. बुद्धधर्म र संस्कृति



Downloaded from http://www.dhamma.digital

५२. असल शिक्षा-१

५३. बुद्ध र संस्कृति

५४. असल शिक्षा-२

५५. धर्मर आचरण

५६. धर्मर ज्ञानकोशिक्षा

५७. ज्यानमारा मान्छे असल बन्यो

५८. धर्मउपदेश भाग-१,२

६०. असल शिक्षा-
३,४,५,६,७,८,९,
१०,११,१२,१३,१४ र १५

७२. मेरो चौथो चीन भ्रमण

७३. धर्म मरेको छैन



Dhamma.Digital

Downloaded from http://www.dhamma.digital



# भिक्षु अश्वघोष

## (संक्षिप्त जीवनी)

जन्म मिति : १८ मई १९२६
ललितपुर वकुवहाल
पिताको नाम : चन्द्रज्योति शाक्य
माताको नाम : लक्ष्मी माया शाक्य

गृहस्थीनाम : बुद्ध रत्न शाक्य
प्रव्रज्या : १६ वर्षमा कुशीनगरमा सन १९४४
उपाध्याय गुरू : चन्द्रमणि महास्थविर, बर्मी
उपसम्पदा : भिक्षु अमृतानन्द महास्थविर
गतिविधि : सन् १९४९, मे महिना श्रीलंकामा समाजसेवा, बौद्ध जागरण प्रवचन, बहुजनहितको शिक्षा प्रचार गाउँ गाउँमा युवा वर्गमा ।
विशेषरूपमा वर्तमान जीवन सुधारेर शान्त वातावरण बनाउन । ८० भन्दा बढी पुस्तकहरूका लेखक, नेवारी र नेपाली भाषामा ।
प्रधान सम्पादक : धर्मकीर्ति मासिक पत्रिका
संस्थापक : संघाराम भिक्षु तालिम केन्द्र र ध्यानकुटी विहार, बनेपा
धर्मानुशासक : धर्म कीर्ति अध्ययन गोष्ठी, स्वयम्भू ज्ञानमाला भजन खलः र युवा बौद्ध समूह काठमाडौं
अध्ययन-बुद्धधर्म : श्रीलंकामा ८ वर्ष, भारतमा ८ वर्ष
भ्रमण : श्रीलंका, म्यानमार, थाईल्याण्ड, मलेशिया, मंगोलिया, चीन, भूटान, लण्डन, रूस, जर्मन, जापान

वि.सं. २०४८ मा चीनमा संसदीय प्रतिनिधि मण्डलको सदस्य, सन् १९९५ एशियन शान्ति सम्मेलन जापानमा सहभागी, सन् १९९७ मा अन्तर्राष्ट्रिय धार्मिक सम्मेलन, सन् १९९८ मा संघ सम्मेलन अन्तर्राष्ट्रिय बुद्धको ज्योति सम्मेलन क्यानाडा, बर्मा सरकारबाट अग्गमहासद्धम्म ज्योतिक धज पदवी प्राप्त ।

Downloaded from http://www.dhamma.digital